सिकाइ उपलब्धिको स्थिति र त्यसलाई प्रभाव पार्ने तत्वहरूको विश्लेषण

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड)पाठ्यक्रम

तथा मूल्याङ्कन विभाग अन्तर्गत **(ED. CE. 598)** विषयको

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधार्थी

लालबहादुर बस्नेत

क्याम्पस रोल नं. :- ११७

परीक्षा रोल नं. : २१८०१३१/०६६

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

श्री जनता बहुमुखी क्याम्पस

इटहरी - ५ सुनसरी

सिकाइ उपलब्धिको स्थिति र त्यसलाई प्रभाव पार्ने तत्वहरूको विश्लेषण

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड)पाठ्यक्रम
तथा मूल्याङ्कन विभाग अन्तर्गत (ED. CE. 598) विषयको
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

शोधार्थी

लालबहादुर बस्नेत

क्याम्पस रोल नं. :- ११७

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

श्री जनता बहुमुखी क्याम्पस

इटहरी - ५ सुनसरी

त्रिवि दर्ता नं. :- १४४१९-८७

परीक्षा रोल नं. :- २१८०१३१

शोध दर्ता मिति : २०७१।१२।२८

बाह्य परीक्षण मिति :२०७२।०८।०८

सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरी-५, सुनसरीको पाठ्यक्रम तथा मूल्याङ्कन विषयमा स्नातकोत्तर तहका विद्यार्थी लालबहादुर बस्नेतद्वारा प्रस्तुत प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको विश्लेषण शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । प्रस्तुत शोध अध्ययन प्रति म पूर्ण सन्तुष्ट छु । शोधार्थी लालबहादुर बस्नेतको सफलताको कामना गर्दै यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१।११।०३

शान्तिराम दहाल
शोध निर्देशक
जनता बहुमुखी क्याम्पस
इटहरी-५, सुनसरी

कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु शीर्षकमा तयार पारिएको हो । शोध प्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा पाठ्यक्रम तथा मूल्याङ्कन विभाग जनता बहुमुखी क्याम्पस प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्यको प्रस्तावना देखि शोधपत्रको अन्तिम लेखाइसम्म आवश्यक सुझाव, सल्लाह र निर्देशन प्रदान गर्नुहुने शोध निर्देशक श्री शान्तिराम दहाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै शोधकार्यमा सहयोग पुऱ्याउने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका प्रमुख श्री टोलनाथ काफ्ले र सोही विभागका सदस्य श्री राजन शर्माप्रति आभारी छु ।

यस शोधकार्यको क्रममा तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउनुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति, विद्यालय निरीक्षक तथा सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यो शोधपत्र कम्प्युटर टाइप गरी आवश्यक सज्जा दिएर सहयोग गर्नुहुने श्री दुर्गा प्र. खरेललाई विशेष धन्यवाद दिन चाहन्छु ।

लालबहादुर बस्नेत

शोधसार

"प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको विश्लेषण" शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य प्राथमिक तहमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिमा देखिएका समस्याहरु सुझाउने रहेको छ । अध्ययन गुणात्मक तथा परिमाणात्मक दुवै पक्षमा केन्द्रित गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, अन्तर्वार्ता सूची, अभिलेख अध्ययन जस्ता साधनको प्रयोग गरिएको छ ।

अध्ययनलाई संखुवासभा जिल्लाको मामलिङ स्रोतकेन्द्रका २६ वटा सामुदायिक विद्यालयहरु मध्ये ९ वटा विद्यालयहरुको प्राथमिक तहमा सीमित गरिएको छ । अध्ययनको सैद्धान्तिक खाका अन्तर्गत एफ. डब्ल्यू. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र बी. एफ. स्कीनरको क्रियात्मक प्रत्यावर्तन सिकाइ सिद्धान्तसँग आबद्ध गरी अध्ययनलाई अगाडि बढाइएको छ । अध्ययनका उत्तरदाताहरुमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु रहेका छन् । अध्ययनको व्याख्या र विश्लेषणबाट प्राप्त नतिजा अनुसार सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु अन्तर्गत छात्रवृत्ति, पुरस्कार एवं अन्य सहयोग कार्यक्रमले विद्यार्थीहरुको भर्नादर बढाउने, बीचैमा कक्षा छाड्ने दर घटाउने, नियमितता बढाउने, कक्षोतीर्ण दर बढाउने र सिकाइ उपलब्धिको स्थितिमा सुधार ल्याउन पर्याप्त मात्रामा प्रभाव पारेको पाइयो ।

यस अध्ययनको विश्लेषणबाट विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा नअपनाइनु, उदार कक्षोन्नति प्रणाली लागू नगरिनु, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोगको कमी, पर्याप्त मात्रामा प्रभावकारी निरीक्षण एवम् अनुगमन नहुनु, शैक्षिक सामग्रीको कम प्रयोग, न्यून आर्थिक अवस्था हुनु, अभिभावकले आफ्ना छोराछोरीको पढाइ प्रति चासो नदिनु आदि समस्याहरु यस अध्ययनले देखाएको छ ।

यस अध्ययनले सिकाइ उपलब्धिमा वृद्धि गर्नको लागि केन्द्रिय तह देखि कार्यान्वयन तहसमम सुधारको खाँचो रहेको औँल्याएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, छात्रवृत्ति निर्देशिका तयार गरी विद्यालयमा उपलब्धता गराइनुपर्ने, शिक्षक विद्यार्थी अनुपात हालको भन्दा कम गर्नुपर्ने, विद्यालय र निरीक्षक अनुपात साबिक भन्दा कम गर्नुपर्ने, सिकाइमा प्रभाव पार्ने तत्वहरुको मूल्याङ्कन अध्यनय गरी सरकारले सम्बोधन गर्नुपर्ने, शिक्षक तथा विद्यार्थीलाई नियमित रुपमा विद्यालयमा उपस्थित हुन प्रोत्साहित गर्नुपर्ने, शिक्षकले तालिममा सिकेको प्रभावकारी शिक्षण विधि र तरिका शिक्षणमा प्रयोग गर्नुपर्ने, अभिभावकले आफ्ना बालबालिकाको पढाइमा चासो राख्नुपर्ने जस पक्षहरुलाई यस अध्ययनले सिफारिस गरेको छ ।

विषयसूची

क्र.सं.	शीर्षक	पेज नं.
परिच्छेद - एक : अध्ययनको पृष्ठभूमि		
१.१	अध्ययनको पृष्ठभूमि	१
१.२	समस्याको कथन	४
१.३	अध्ययनको औचित्य	४
१.४	अध्ययनको उद्देश्य	५
१.५	अनुसन्धानात्मक प्रश्नहरू	६
१.६	अध्ययनको परिसीमा	६
परिच्छेद-दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका		
२.१	सम्बन्धित साहित्यको पुनरावलोकन	७
२.२	अध्ययनको सैद्धान्तिक खाका	११
२.३	अवधारणात्मक ढाँचा	१३
परिच्छेद-तीन : अध्ययन विधि		
३.१	अनुसन्धानात्मक ढाँचा	१५
३.२	अध्ययनको जनसङ्ख्या	१५
३.३	नमुनाको आकार र छनोट विधि	१५
३.३.१	जिल्ला छनोट	१५
३.३.२	स्रोतकेन्द्र र विद्यालय छनोट	१६
३.३.३	प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षको छनोट	१६
३.३.४	शिक्षक र विद्यार्थी छनोट	१६
३.३.५	विद्यालय निरीक्षक र स्रोतव्यक्तिको छनोट	१६
३.४	अनुसन्धानका साधन	१६
३.४.१	प्रश्नावली	१६
३.४.२	दस्तावेज अध्ययन	१७
३.४.३	लक्षित समूह छलफल	१७
३.५	तथ्याङ्कका स्रोतहरू	१७
३.५.१	प्राथमिक स्रोत	१७

३.५.२ द्वितीय स्रोत १७
३.५.३ तथ्याङ्क सङ्कलन प्रक्रिया १७
परिच्छेद-चार : प्रस्तुतिकरण, व्याख्या र विश्लेषण
४.१ विद्यार्थीहरूले प्राप्त गरेको सिकाई उपलब्धिको लेखाजोखा १८
४.१.१ विद्यार्थीको भर्ना र कक्षा छोड्ने स्थिति १८
४.१.२ परीक्षामा सम्मिलित र कक्षा उत्तीर्ण २०
४.१.३ विद्यार्थीहरूको सिकाइ उपलब्धि स्थिति २२
४.२ सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु २३
४.२.१ योजना निर्माण र प्रयोग २४
४.२.२ विद्यार्थी नियमितता २५
४.२.३ निरीक्षण र अनुगमन २७
४.२.४ तालिम २८
४.२.५ शैक्षिक सामग्री ३०
४.२.६ भौतिक अवस्था ३२
४.२.७ विद्यार्थी मूल्याङ्कन ३४
४.२.८ आचारसंहिता ३५
४.२.९ गृहकार्य ३७
४.२.१० पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धता एवं प्रयोग ३८
पाठ्यक्रमको उपलब्धता एवं प्रयोग ३८
शिक्षक निर्देशिकाको उपलब्धता एवं प्रयोग ४०
४.२.११ छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोग ४१
४.३ सिकाइ उपलब्धिमा देखिएका समस्याहरु ४२
परिच्छेद-पाँच : प्राप्ति, निष्कर्ष र सुझाव
५.१ प्राप्ति ४४
५.२ निष्कर्ष ४६
५.३ सुझावहरू ४७
सन्दर्भसूची
अनुसूचीहरू

तालिका सूची

क्र.सं.	शीर्षक	पेज नं.
१.	विद्यार्थीको भर्ना तथा कक्षा छाड्ने स्थिति	१९
२.	परीक्षामा सम्मिलित र कक्षा उत्तीर्ण	२१
३.	योजना निर्माणको अवस्था	२४
४.	विद्यार्थीको उपस्थिति विवरण	२६
५.	निरीक्षण तथा अनुगमन विवरण	२७
६.	शिक्षक तालिमको विवरण	२९
७.	शैक्षिक सामग्रीको उपलब्धता एवं प्रयोगको अवस्था	३०
८.	विद्यालयमा प्रयोग गरिएको शैक्षिक सामग्रीको विवरण	३१
९.	अध्ययनमा संलग्न विद्यालयको भौतिक विवरण	३२
१०.	मूल्याङ्कन सम्बन्धी विवरण	३४
११.	आचारसंहिता निर्माण एवं कार्यान्वयनको स्थिति	३६
१२.	गृहकार्य सम्बन्धी विवरण	३७
१३.	पाठ्यक्रमको उपलब्धता एवं प्रयोगको स्थिति	३९
१४.	शिक्षक निर्देशिकाको उपलब्धता एवं प्रयोग	४०
१५.	छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोगले पारेको प्रभावको स्थिति विवरण	४१

चित्र सूची

क्र.सं.	शीर्षक	पेज नं.
१.	सिकाइमा प्रभाव पार्ने तत्वहरुको चित्रात्मक ढाँचा	१४
२.	भर्ना र कक्षा छोड्नेको स्थिति	२०
३.	परीक्षामा सम्मिलित र कक्षा उत्तीर्ण अवस्था	२२

सङ्क्षिप्त शब्दावली

सि.उ. :	सिकाइ उपलब्धि
प्र.अ. :	प्रधानाध्यापक
वि.नि.:	विद्यालय निरीक्षक
जि.शि.का. :	जिल्ला शिक्षा कार्यालय
वि.व्य.स.:	विद्यालय व्यवस्थापन समिति
प्रा.वि.:	प्राथमिक विद्यालय
नि.मा.वि.:	निम्न माध्यमिक विद्यालय
मा.वि.:	माध्यमिक विद्यालय
उ.मा.वि.:	उच्च माध्यमिक विद्यालय
अ.प्रा.शि.प.:	आधारभूत तथा प्राथमिक शिक्षा परियोजना
त्रि.वि.:	त्रिभुवन विश्वविद्यालय
क्र.सं.:	क्रमसंख्या
गा.वि.स.:	गाउँ विकास समिति
प्रा. त.:	प्राथमिक तह
EDSC:	Education and Development Service Centre
AED:	Academy for Educational Development
EMIS:	Educational Manangement Informaton System
EFA:	Education for All
BPEP:	Basic and Primary Education Project

परिच्छेदः एक

परिचय

१.१. अध्ययनको पृष्ठभूमि

प्राथमिक शिक्षा सिकाइको आधारशीला हो । यस तहमा सही तरिकाले ज्ञान प्राप्त गरी सीप हासिल गर्न सके र उनीहरूमा सिक्ने तथा सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने बानीको विकास गर्न सकियो भने माथिल्ला तहहरूको सिकाइ पनि मजबुत हुनसक्छ । आधार नै कमजोर भयो र यसलाई समयमा नै सुधार गर्न सकिएन भने माथिल्लो तहको सिकाइ उपलब्धिमूलक हुन कठिन हुन्छ । तसर्थ यस तहको शिक्षालाई यथासम्भव गुणात्मक र व्यापक बनाउनु पर्दछ । प्राथमिक शिक्षा जति गुणत्मक हुन्छ औपचारिक शिक्षाको जग पनि त्यति नै मजबुत हुन्छ । त्यसै गरी प्राथमिक शिक्षा जति गुणात्मक हुन्छ आम नागरिकको जीवन त्यति नै सरल र सुलभ हुन्छ । यसरी आमजनताको जीवनस्तर बढाइ देशलाई प्रगतिको बाटोमा लैजान प्राथमिक शिक्षा अपरिहार्य मानिएको छ । यसकारण प्राथमिक तहको शिक्षालाई विश्वका धेरै राष्ट्रहरूले महत्वपूर्ण स्थान दिएको र सोअनुरुप नै लगानी गर्दै आएको पाइन्छ (शिक्षा विभाग, २०६४/६५) ।

सबैको लागि शिक्षा (१९९०) थाइल्याण्डको जोमतिन शिखर सम्मेलनको घोषणापत्रप्रतिको नेपालको प्रतिबद्धताले भर्ना, पहुँचसम्बन्धी सहुलियतको दायरा अझ व्यापक र विशिष्ट बनायो । आधारभूत तथा प्राथमिक शिक्षामा विद्यालय उमेर समूहका सबै बालबालिकाहरूको पहुँच सुनिश्चितताका लागि उक्त सम्मेलनमा नेपालले प्रतिबद्धता जाहेर गऱ्यो । सन् २००० को डकार शिखर सम्मेलनले सबैका लागि शिक्षासम्बन्धी जोमतिन सम्मेलनका प्राप्ति, उपलब्धि, देखिएका समस्याहरूको व्यापक समीक्षा गरी सन् २०१५ सम्मको सबैका लागि शिक्षा सम्बन्धी ६ वटा मुख्य लक्ष्यहरू निर्धारण गऱ्यो । नेपालले पनि आफ्नो प्रतिबद्धताअनुरुप मुलुक भित्रका खास शैक्षिक मुद्दा र चुनौतीहरूको समेत विश्लेषण गरी सबैका लागि शिक्षा सम्बन्धी सन् २०१५ सम्मको राष्ट्रिय कार्ययोजना निर्माण गरी तदनुरुप सन् २००४–२००९ को आवधिक शैक्षिक कार्यक्रम र रणनिति कार्यन्वयन गर्दै आएको छ । सबैका लागि शिक्षा कार्यक्रमका ६ वटा उद्देश्यहरूमध्ये छैटौं बुँदामा खासगरी नभइनहुने जीवनोपयोगी सीपहरूमा सबैले राम्रा उपलब्धिहरू हासिल गर्न सकून भन्ने अभिप्राय राखेर मान्यताप्राप्त र मापन गर्न सकिने सिकाइमा उत्कृष्ट उपलब्धि सुनिश्चित गर्न स्तरीय शिक्षाका सबै पक्षहरूको सुधार गर्ने कुरा उल्लेख गरिएको छ (अधिकारी, २०६४) ।

सबै मुलुकहरूमा विभिन्न वर्ग र जातिका मानिसहरू बसोबास गर्दछन् । प्रायः गरी जाति, धर्म, भाषा, लिङ्ग र उचनीच तथा छुवाछुत जस्ता भावनाहरू अविकसित मुलुकमा व्याप्त छन् र यस्ता भावनाहरूले शिक्षा विकासमा प्रत्यक्ष असर पारेका छन् (शर्मा, २०६५) ।

प्राथमिक शिक्षा दिने विद्यालयहरूको अवस्था विश्लेषण नगरेसम्म कुनै ढङ्गबाट शिक्षा दिने विद्यालयको वर्तमान अवस्था के छ, कुन अवस्थामा पुऱ्याउनु पर्ने हो भन्ने कुराको निक्यौल गर्न गाह्रौ पर्दछ । विद्यालयले आफूले गरेका प्रगति मापन गर्ने एक महत्वपूर्ण आधार विद्यार्थीले हासिल गरेको सिकाइउपलब्धिलाई मान्न सकिन्छ । अर्थात् विद्यार्थीको सिकाइउपलब्धिबाट कुनै पनि विद्यालयको शैक्षिक स्तर कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ (उपाध्याय, २०६१)

अझ पनि विद्यालय शिक्षामा विविध अवरोध र सीमाहरू विद्यमान रहेका छन् । राष्ट्रको आधाजस्तो जनसंख्या निरक्षर छन् । प्राथमिक शिक्षा उमेरका १३% बालबालिका हरू अझ पनि विद्यालय शिक्षाको पहुँचबाहिर छन् । यसमा बालिकाहरूको संख्या अधिक छ । जति जति माथिल्ला कक्षा र तहहरूमा गयो त्यति नै विद्यार्थी भर्ना र पहुँच घट्दो अवस्थामा छ । त्यस माथि पनि कक्षा दोहोऱ्याउने दर चर्को अवस्थामा छ । देशको समग्र शैक्षिक सुधारका लागि मुलुकको भौगोलिक अवस्था, सामाजिक-साँस्कृतिक परम्परा, नागरिकहरूको शैक्षिक आर्थिक अवस्था जस्ता पक्षहरू पनि उत्तिकै अवरोधकका रपमा रहेका छन् । यसरी राष्ट्रसामु धेरै चुनौतीहरू रहेका छन् । निरक्षर, भर्ना नहुने समस्या , बीचैमा विद्यालय छाड्ने समस्याका कारण एउटा मात्र छैनन् । क्षेत्रगत विविधता, लैङ्गिक विभेद, सुविधाविहिन अवस्था र पिछाडिएको अवस्था जस्ता पक्षहरूले यहाँ उत्तिकै असर पुऱ्याएको छ (शिक्षा विभाग, २०६४)

गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षामा लगानी भएका आर्थिक, भौतिक र मानवीय स्रोत साधनको सशक्त परिचालन भई दक्ष जनशक्ति उत्पादन गरी राष्ट्र र समाजले त्यसबाट अधिक लाभ प्राप्त गर्नुपर्दछ । विद्यालयबाट प्रदान गरिएकोशिक्षा जहाँ राष्ट्रको करोडौंको लगानी भएको छ । त्यसका अतिरिक्त अभिभावकहरूले पनि आफ्नो क्षमताले भ्याएसम्म लगानी गरेका छन् । त्यसको लेखाजोखा हुनु अति आवश्यक छ । प्राथमिक शिक्षामा सुधार गर्न नेपालले शिक्षामा छुट्याएको रकम मध्ये ५.५% रकम प्राथमिक शिक्षामा लगानी गरेको छ । सरकार अवश्य पनि साक्षरताको उच्च दर हासिल गर्न र गुणत्मक प्राथमिक शिक्षा उपलब्ध गराउनका लागि प्राथमिक शिक्षा विकासमा अझ बढी लगानी गर्न प्रतिबद्ध छ । तथापि गुणात्मक विकासको परिवेश सग प्रत्यक्ष रुपमा सम्बन्धित हुनुपर्दछ । यही कुरालाई नै गुणत्मक शिक्षाको आधारको रुपमा हेरिएको छ ।

डकार सम्मेलन २००० को कार्यढाँचाले समेत विद्यार्थी, विद्यालयको वातावरण, विषयवस्तु, प्रक्रिया, उपलब्धिलाई गुणत्मक शिक्षाको मापदण्ड मानेको छ (पोखेल, २०६५)

हाल ७१% भन्दा बढी प्राथमिक तहका शिक्षकहरू स्वीकृत दरबन्दीमा कार्यरत तथा तालिमप्राप्त छन् (फ्यास, २००८)। स्वीकृत दरबन्दीमा रहेका ९८.२% भन्दा बढी शिक्षकहरूले कुनै न कुनै प्रकारको प्रमाणीकरण तालिम लिइसकेका छन्। गुणस्तर अभिबृद्धिका लागि मागमा आधारित मोडुलर तालिमको पनि व्यवस्था गरिएको छ।

गुणस्तरीय शिक्षा आजको आवश्यकता हो। शिक्षामा गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गर्ने क्रममा केन्द्रीय तहमा शिक्षा मन्त्रालय र शिक्षा विभागले जिल्ला र स्थानीय तहमा जि.शि.का., स्रोतकेन्द्र र विद्यालयहरूले अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ। यति हुँदाहुदै पनि न्यून स्तरको सिकाइउपलब्धि र विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च भएको कारणले साक्षरता र प्रभावकारीतासम्बन्धी ठूलो चुनौतीको सामना गर्नु परेको छ (शिक्षा मन्त्रालय २०६६)।

जोन डिवेका अनुसार शिक्षा मनोवैज्ञानिक र सामाजिक पक्षमा आधारित हुनुपर्दछ। शिक्षा बालकको प्रकृति, रुचि, क्षमता, आवश्यकता र स्वभावका आधारमा दिनुपर्दछ। जसलाई मनौवैज्ञानिक आधार भनिन्छ। यतिले मात्र नभइ शिक्षा सामाजिक स्थिति, सामाजिक आवश्यकता, सामाजिक सभ्यता र संस्कृति परम्परा, रीतिरिवाज, वातावरण र सामाजिक संघ संस्थाका मूल्य र मान्यतामा आधारित हुनुपर्छ। जसलाई सामाजिक आधार भनिन्छ। उनले गरेर सिक्ने, अनुभवद्धारा सिक्ने, भुल र प्रयत्न गरेर परियोजना विद्यार्थी सिकाइका लागि उपयुक्त विधि मानेका छन् भने फ्रोवेलका अनुसार प्रकृतिका वरदानका रुपमा रहेका बालबालिकाहरूलाई हस्तक्षेप नगरी स्वतन्त्र रुपबाट सिक्ने मौका दिनु पर्दछ। शिक्षा पूर्णरुपमा विद्यार्थी केन्द्रित हुनुपर्छ। शिक्षण विद्यार्थी क्रियाकलापमा आधारित हुनुपर्छ (वाग्ले, २०६५)।

अहिलेसम्मको सिद्धान्तअनुसार जस्तोसुकै सिकाइउपलब्धिलाई पनि मापन गर्न सकिन्छ भन्ने छ तर त्यसमा परम्परागत लिखित परीक्षा मात्र प्रर्याप्त हुँदैन। जस्तोसुकै सिकाइ उपलब्धिलाई अवलोकन गरेर उच्च वा न्यून भनी छुट्याउन सकिन्छ। अर्थात दुई वा सो भन्दा बढी व्यक्तिहरूबीच अन्तरअवलोकन गर्न सकिन्छ। दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच अन्तर नै नहुने सिकाइ उपलब्धिको महत्व तथा अर्थ रहदैन -खनाल, २०६५)। शैक्षिक उपलब्धि मूल्याङ्कनबाट पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य कुन हदसम्म प्राप्त भएको छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ। भौतिक सुविधाहरू, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणसिकाइ, शैक्षिक सामाग्री, तालिम प्राप्त

शिक्षकको व्यवस्था, विद्यालय व्यवस्थापन, अभिभावहरूको सहभागिता आदि कुराहरूले शैक्षिक उपलब्धिमा प्रभाव पारेको हुन सक्छ । सुविधायुक्त भौतिक सामाग्रीको पर्याप्तता, सिकाइका नयाँनयाँ प्रविधिहरूको प्रयोग, तालिमप्राप्त शिक्षकको व्यवस्थाका साथै प्रभावकारी अनुगमन हुदाँहुदै पनि विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउन नसकेको अवस्था छ । त्यसैले सबै सरोकारवाला पक्षहरूको नजरमा यो एक महत्वपूर्ण चर्चाको विषयवस्तु बन्दै आएको छ ।

१.२ समस्याको कथन

प्राथमिक शिक्षालाई विश्वका सबै विकासोन्मुख मुलुकहरूले बालबालिकाको मौलिक अधिकारको रुपमा मान्दै आएको वर्तमान अवस्थामा नेपालले पनि प्राथमिक विद्यालय जाने उमेर पुगेका सबै बालबालिकाका लागि शिक्षा प्रदान गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सबैका लागि शिक्षा अन्तर्गत सन् २०१५ सम्ममा सबैले शिक्षा पाउनुपर्छ भन्ने मान्यता अनुरुप नेपाली बालबालिकामा साक्षरता प्रतिशत बृद्धि गर्न, संयुक्त राष्ट्रसंघको घोषणपत्रलाई कार्यान्वयन गर्न र नेपाली बालबालिकालाई राम्रो शिक्षा दिन अनेकौ प्रयासहरू भएका छन् । नेपाल सरकारले शिक्षा विकासका लागि करोडौंको लगानी गरेको छ तापनि लगानी अनुरुपको प्रतिफल कम मात्रमा प्राप्त भएको विभिन्न सञ्चार माध्यम र अध्ययन प्रतिवेदनबाट जानकारी भइरहेको छ । यसरी शिक्षामा गुणस्तर कायम गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतबाट अनेकौ प्रयासहरू भइरहेका छन् तापनि सन्तोषजनक उपलब्धि हासिल हुन नसकेको अवस्था छ । विगतका केही दशकदेखि देशमा प्राथमिक शिक्षामा भएको परिवर्तन र पहुँचको विस्तारलाई अकल्पनीय रुपमा भए तापनि प्राथमिक शिक्षाका क्षेत्रमा कक्षाकोठाको पढाइमा सुधार र शिक्षाको समग्र गुणस्तर गम्भीर चासोको विषय बनेको छ । यसै सम्बन्धमा प्रतथमिक तहमा विद्यार्थीको सिकाइउपलब्धि स्तर कस्तो रहेको छ भनी केही अध्ययन अनुसन्धान नभएका होइनन् तर ती अध्ययनहरूले तत्कालीन अवस्थामा प्राथमिक तहका विद्यार्थीहरूले प्राप्त गरेका सिकाइउपलब्धिलाई मात्र समेटेको पाइन्छ । परीक्षामा विद्यार्थीले प्राप्त गरेको अङ्कका आधारमा कक्षा उत्तीर्ण गर्ने वा कक्षा दोहोऱ्याउनु पर्ने प्रावधान वाहेक सिकाइउपलब्धि सम्बन्धी अरु काम भएको खासै पाइदैन । प्राथमिक तहका निम्ति यस्तो प्रकृतिको अति प्रभावकारी विषयवस्तुलाई अध्ययनको आधार मानी गहन रुपमा अध्ययन गरेको तथ्य खासै फेला परेको छैन । वर्तमान अवस्थामा विद्यार्थीको शैक्षिक उपलब्धि स्तर खस्कदै गएकोमा धेरै गुनासाहरू आइरहेको अवस्था छ । विद्यार्थीको् शैक्षिका स्तर बृद्धि गर्नु पनिहाम्रासामु उत्तिकै चुनौतीपूर्ण काम भएको छ । त्यसैले प्राथमिक तहमा लगानी गरे अनुरुप उपलब्धि कम हुनु, प्रतिभावान विद्यार्थीहरूको शैक्षिक उपलब्धि कम हुनु, प्राथमिक तहमा विद्यार्थीको शैक्षिक स्तर बृद्धि

हुन नसक्नु विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने कार्यमा चासो नदिनु जस्ता समस्यालाई सम्बोधन गर्ने गरी **प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू** शीर्षकको सेरोफेरोमा रही यो अनुसन्धान कार्यलाई अगाडी बढाइएको छ ।

१.३ अध्ययनको औचित्य

शिक्षा क्षेत्रमा सङ्ख्यात्मक रुपमा तीव्र विकास भए तापनि गुणात्मक विकास भने न्यून देखिन्छ । सङ्ख्यात्मक विकास र गुणात्मक विकासलाई समान रुपबाट अगाडि बढाउँदै लैजानु उपयुक्त हुन्छ । तसर्थ गुणात्मक विकासका बाधक तत्वहरूको पहिचान गरी त्यसको निराकरण गर्नु आवश्यक हुन्छ । वर्तमान परिस्थितिमा परीक्षा दिएका परीक्षार्थीहरूमध्ये कम विद्यार्थी उत्तीर्ण हुनु र उत्तीर्ण भएकामध्ये पनि अत्यन्तै कम विद्यार्थीले मात्र राम्रो उपलब्धि हासिल गर्ने हुनाले के कारणले त्यस्तो हुन गएको हो भनी खोजी गर्नु आवश्यक हुन्छ ।

विद्यालयबाट प्रदान गरिएकोशिक्षाका निश्चित उद्देश्यहरू हुन्छन् । ती उद्देश्यहरू हासिल भए नभएको मापन गर्ने माध्यम मूल्याङ्कन हो । निर्धारित उद्देश्य कतिसम्म हासिल हुन सक्यो भनी पहिचान गर्न सिकाइउपलब्धिका आधारमा प्रश्नपत्र निर्माण गरी परीक्षा लिइने र परीक्षामा प्राप्त गरेको अङ्कका आधारमा विद्यार्थीको स्तर थाह पाउन सकिने भएकाले परीक्षालाई मूल्याङ्कनको सशक्त माध्यमका रुपमा लिइन्छ र सो परीक्षाबाट प्राप्त अङ्कहरू विश्लेषण गरी विद्यार्थीहरूको, कक्षाको र विद्यालयको शैक्षिकस्तर मापन गर्न सकिन्छ । विद्यार्थीहरूको सिकाइउपलब्धि सम्बन्धमा समयमै आवश्यक सूचना प्राप्त गरी त्यसका आधारमा विद्यालाई समयमै पृष्ठपोषण प्रदान गरी शिक्षण गर्नाले शिक्षणसिकाइ प्रभावकारी हुन्छ ।

यस अध्ययनमा प्राथमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको अध्ययन गरी निकालेका निष्कर्षले वास्तविक अवस्थाको जानकारी हुनका साथै शैक्षिक सुधारका उपायहरू अपनाउन मद्दत गर्दछ । शिक्षकलाई विषयवस्तुलाई मात्र आधार बनाएर शिक्षण गर्ने प्रवृत्तिमा सुधार गर्दछ । पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोगको औचित्य साबित गर्न सहयोग पुग्दछ । सिकाइउपलब्धिमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप तय गरी पठनपाठन गर्न सहयोग प्रदान गर्दछ । शैक्षिक क्षेत्रमा संलग्न शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति, शि.अ.संघ, अभिभावकहरूलाई आफ्नो क्षेत्रमा रहेको न्यून सिकाइउपलब्धिलाई बढाउने उपायहरू खेज्न यस अध्ययनले सहयोग पुऱ्याउँछ । यस अध्ययनले शैक्षिक योजनाकारलाई आवश्यक नीति नियमहरू निर्माण गर्ने कार्यमा महत्वपूर्ण आधार प्रदान

गर्नुका साथै भविश्यमा यस विषयमा थप जानकारी लिन चाहने व्यक्तिलाई आवश्यक सहयोग प्रदान गर्छ । यस अध्ययनले विद्यार्थीले प्राप्त गरेको सिकाइउपलब्धिको अवस्था हेर्न तथा त्यसलाई प्रभाव पार्ने तत्वहरू पहिचान गरी सुधारका उपायहरू अपनाउने सरोकारवालाहरूलाई महत्वपूर्ण आधार प्रदान गर्दछ ।

१.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार छन् :

क) प्राथमिक तहमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।

ख) सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्ने ।

ग) सिकाइउपलब्धिमा देखिएका समस्याहरू सुझाउने ।

१.५. अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानात्मक कार्यका लागि छानिएका उद्देश्यहरूलाई स्पष्ट पार्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् ।

क) प्राथमिक तहमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि स्थिति कस्तो छ ?

ख) विद्यार्थीको सिकाइउपलब्धिमा कुन कुन तत्वले प्रभाव पारेको छ ?

ग) सिकाइ उपलब्धि सँग सम्बन्धित समस्याहरू केके रहेका छन् ?

घ) सिकाइ उपलब्धिमा सुधार गर्न नसक्नुका कारणहरू केके हुन् ?

ङ) के विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न सकिँदैन ?

च) विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

१.६. अध्ययनको परिसीमा

भौगोलिक एवम् आर्थिक अवस्था, मानवीय संसाधन तथा समयको उपलब्धता समेतलाई मध्यनजर गरी यस अध्ययनलाई संखुवासभा जिल्लाको माम्लिङ्ग स्रोतकेन्द्र अन्तर्गत संचालित २६ वटा सामुदायिक विद्यालयहरू मध्ये ९ वटा विद्यालयहरूको प्राथमिक तहमा सीमित गरिएको छ । यसमा सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको निश्चित संख्या किटान गरी अध्ययन कार्य अगाडि बढाइएको छ ।

परिच्छेद : दुई

सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस अध्यायमा शोधकार्य साहित्यको पुनरावलोकन एवम् सैद्धान्तिक खाका अन्तर्गत अलग अलग शीर्षकमा अध्ययन गरिएको छ ।

२.१. सम्बन्धित साहित्यको पुनरावलोकन

उपाध्याय (२०६१) ले तनहुँ जिल्लाका प्राथमिक विद्यालयहरूको शैक्षिक उपलब्धिलाई प्रभावकारी पार्ने तत्वहरू भन्ने विषयमा शोध अध्ययन गर्नु भएको थियो । यस अध्ययनमा तनहुँ जिल्लाका ५ वटा स्रोतकेन्द्रहरूका २५ वटा विद्यालयहरूलाई छनौट गरिएको थियो । यस अध्ययनको मूख्य उद्देश्यहरूमा कक्षा ५ मा अध्ययन गर्ने विद्यार्थीको शैक्षिकउपलब्धिको स्तर पत्ता लगाउने, उर्त्तीण दर पत्ता लगाउने, सिकाइउपलब्धिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्ने र सिकाइ उपलब्धि स्तर अभिवृद्धि गर्ने उपायहरू प्रस्तुत गर्ने रहेको थियो । यस अध्ययनले सबैभन्दा बढी सिकाइउपलब्धि वातावरण विषयमा औसत ५१% र सबैभन्दा कम सिकाइउपलब्धि गणित विषयमा औसत ३३% रहेको देखाएको थियो भने परीक्षामा सम्मिलित भएका विद्यार्थीमध्ये ७९% विद्यार्थी उत्तीर्ण भएको र २१% विद्यार्थी अनुत्तीर्ण भएको देखाएको थियो । तथ्याङ्क संकलनका लागि प्रश्नावली, उपलब्धि परीक्षा, विद्यालय सर्वेक्षण फाराम प्रयोग गरिएको थियो । यस अध्ययनले तनहुँ जिल्लाको औसत उपलब्धि अपेक्षा गरेबमोजिम नपाइएकाले नियमित मूल्याङ्कन, परीक्षाको नतिजा विश्लेषण, तालिम, पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगमा व्यापकता ल्याउने र शैक्षिक सामाग्रीको व्यवस्था, विद्यालय नियमिततामा प्रोत्साहित गर्ने जनचेतनाका कार्यक्रम सञ्चालन, शिक्षकलाई तालिमको व्यवस्था मिलाउनु पर्ने सुझाव दिइएको थियो (उपाध्याय २०६१) ।

पोखेल (२०६५) ले उच्च र न्यून आर्थिक स्तरका विद्यार्थीहरूको शैक्षिक उपलब्धि बीच तुलनात्मक अध्ययन शीर्षकमा शोध अध्ययन गर्नुभएको थियो । यसमा बर्दिया जिल्लाको सानोश्री स्रोतकेन्द्र अन्तर्गतका ६ वटा विद्यालयहरूको अध्ययन गरिएको थियो । यस अध्ययनका उद्देश्यहरूमा परिवारिक आर्थिक स्तर उच्च र न्यून भएका विद्यार्थीहरूको शैक्षिक उपलब्धिको तुलना गर्ने, न्यून सिकाइ उपलब्धि हुनका कारण पत्ता लगाउने र शैक्षिक उपलब्धि बढाउने उपायहरू पत्ता लगाई सुझावहरू प्रस्तुत गर्नु रहेको थियो । यसमा प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकका लागि प्रश्नावली, तथ्याङ्क संकलन फारम प्रयोग गरिएको थियो । यस अध्ययनले उच्च पारिवारिक आर्थिक स्तर भएका विद्यार्थीभन्दा न्यून पारिवारिक आर्थिक स्तर भएका विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अवस्था नराम्रो रहेको देखाएको थियो । यस अध्ययनले सबभन्दा बढी भिन्नता अंग्रेजी

विषयमा ४२ र सबभन्दा कम नेपाली विषयमा ३२ को अन्तर देखाएको थियो । यस अध्ययनले सुझावको रुपमा न्यून आर्थिक स्तर भएका विद्यार्थीहरूलाई निःशुल्क कापी, कलम तथा पोसाकको व्यवस्था गराउनुका साथै थप आर्थिक सहायता उपलब्ध गराउने, विज्ञान र अंग्रेजी जस्ता विषयमा शैक्षिक उपलब्धि बढाउने, विषयगत शिक्षकले थप सहयोग गर्नुपर्ने, घरमा पढ्ने वातावरण मिलाउन अभिभावकलाई प्रेरित गर्नुपर्ने, शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने, छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गर्नुपर्ने, निरन्तर मूल्याङ्कनमा जोड दिनुपर्ने, विद्यार्थी प्रगति विवरणको जानकारी अभिभावकलाई गराउनुपर्ने जस्ता सुझावहरू दिएको थियो (पोखेल, २०६५)

शिक्षा विभाग (२०६४/०६५) का अनुसार विद्यार्थीको उपलब्धि सम्बन्धी आ.प्रा.शि.प. (१९९८), सेरिड (१९९८) शै.अ.सा.वि.के (२००१), आ.प्रा.शि.क. (१९९७) शै.वि.से.के. (१९९७) प्रा.शि.वि.प., शै.वे.से.के. (१९९९) शै.वि.से.के. (२००१) बाट गरिएका अध्ययनहरूमा धेरैजसो अध्ययनहरू ३ र ५ कक्षामा गरिएका र ४ कक्षामा एउटा मात्र अध्ययन गरिएको देखाउनुका साथै सो अध्ययनले समग्रमा विद्यार्थीहरूको उपलब्धिमा राम्रो सुधार नआएको अवस्था देखाएको छ । सिफारिसको रुपमा नियमित कक्षाकोठा शिक्षणमा शिक्षकको प्रशिक्षण सीप विस्तार गर्न सक्ने रणनीति विकास गर्ने, पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको उपलब्धि सुनिश्चित गर्ने र सोको प्रभावकारी उपयोगमा प्रोत्साहन दिने, विद्यालय सरोकारमा विद्यालय व्यवस्थापन समिति र समुदायको सहभागिता, विद्यालय समय, स्थानीय जनताको पेसा, उनीहरूको शैक्षिक स्तर, स्थानीय आवश्यकता, संस्कृति, भाषा आदिको विस्तृत समीक्षा गरी आवश्यकताको विविधता सम्बोधन गर्नुपर्ने, सबै विषयमा देखिएको न्यूनतम अङ्कको वर्तमान स्तरलाई विचार गर्दा कम्तीमा ४०% उपलब्धिलाई उत्तीर्णाङ्क मान्नुपर्ने जस्ता कुरा उल्लेख गरेको छ (शिक्षा विभाग २०६४/०६५) ।

दशौ योजना (२०५९-२०६४) अनुसार शिक्षा क्षेत्रमा विद्यालय उमेरका बालबालिका हरूको विद्यालयतर्फ आकर्षण गर्नका लागि विभिन्न कार्यक्रममा जोड दिएको थियो । जसमध्ये प्राथमिक तहको खुद भर्ना दर ९०% पुऱ्याउने, महिला शिक्षकको संख्या ३०% पुऱ्याउने, महिला तथा पिछाडिएका बालबालिकालाई नगद छात्रवृत्तिको व्यवस्था गर्ने, ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने, सबैका लागि शिक्षा भन्ने घोषित नारालनई सार्थक बनाउन प्राथमिक तहलाई अनिवार्य गर्ने कार्यक्रमलाई कार्यान्वयनमा लैजाने र सोअनुसार संस्थागत, व्यवस्थापकीय एवम् भौतिक साधनमा समेत सुधार गर्ने जस्ता विषयले विद्यालयको शैक्षिक स्तर सुधार गर्न सहयोग पुग्ने सोच राखेको थियो । यस योजनामा अभिभावकमा सचेतना कार्यक्रम

संचालन गर्ने, सामुदायिक विद्यालयमा स्थानीय स्रोतबाट पूर्व प्राथमिक कक्षाको व्यवस्था गर्ने, तालिम अनिवार्य गर्ने, मातृभाषामा शिक्षा प्रदान गर्ने जस्ता कार्यक्रमलाई यस योजनाले जोड दिएको थियो । शिक्षाका सबै तह र कार्यक्रममा क्षेत्र, लिङ्ग, जात, पिछाडिएको समूह तथा आर्थिक र सामाजिक स्थितिका आधारमा शिक्षाको पहुँच सबैमा पुऱ्याउने कार्यक्रम यस योजनाले समेटेको थियो (दशौ योजना, २०५९-२०६४)

भुसाल (२०६३) का अनुसार सन् १९९९ मा EDSC र AED को आर्थिक सहयोगमा कक्षा ५ का विद्यार्थीहरूको राष्ट्रिय उपलब्धिस्तर पत्ता लगाउने उद्देश्यले एक अध्ययन गरी प्रतिवेदन तयार पारिएको थियो । यस अध्ययनमा जम्मा पाँच विकास क्षेत्रमा तराइ, पहाड र हिमाली क्षेत्र समेट्ने गरी सोह्र वटा क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रबाट २० जना विद्यार्थीहरूलाई लिएको थियो । कक्षा ५ का विद्यार्थीहरूको नेपाली गणित सामाजिक शिक्षा विषयको उपलब्धि सम्बन्धी आधारभूत जानकारी सङ्कलन गर्नु, उपलब्धिमा सहयोग पुऱ्याउने तत्वहरू निर्धारण गर्नु र भविश्यमा सुधारका लागि नीतिगत सुझाव दिनु जस्ता उद्देश्यहरू राखेर अध्ययनलाई अघि बढाइएको थियो । यस अध्ययनमा उपलब्धि परीक्षा, प्रश्नावली तथा विद्यालय सर्वेक्षण फारमको प्रयोग गरिएको थियो । यस अध्ययनले कक्षा ५ का विद्यार्थीहरूको उपलब्धिस्तर गणितमा २७.२५% र सामाजिकमा ४१.७९% देखाएको थियो । अध्ययनबाट कक्षाकोठाको सिकाइ वातावरण उपयुक्त नभएको, शैक्षिक सामग्री तथा भौतिक अवस्थाको अभाव रहेको, धेरैजसो शिक्षकहरूले तालिम नपाएको, तालिम पाएका मध्ये पनि धेरैजसो ३३० घण्टे तालिम मात्र प्राप्त गरेको, सुपरिवेक्षक र स्रोत व्यक्तिबाट शिक्षकहरूको कक्षा निरीक्षण पर्याप्त मात्रामा नगरेको यस अध्ययनले देखाएको छ । यस अध्ययनले सुझावको रुपमा शिक्षक निर्देशिका तथा सहायक सामग्रीको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने, शिक्षक तालिम उपलब्ध गराउनुपर्ने, नियमित मूल्याङ्कन प्रणली अपनाउनु पर्ने जस्ता सुझावहरू दिएको थियो (भुसाल, २०६३) ।

जि.शि.का. मोरङ्ग (०६६/०६७) ले जिल्लास्तरको सिङ्गो शैक्षिक झलक तयार हुने गरी एक वार्षिक स्थिति प्रतिवेदन तयार पारेको थियो । यस प्रतिवेदनान मोरङ्ग जिल्लाका १६ वटा स्रोतकेन्द्र अन्तर्गत ३२८ वटा प्रा.वि. (सामुदायिक), ७८ वटा नि.मा.वि. (सामुदायिक), ११८ वटा मा.वि. (सामुदायिक) र उच्च मा.वि. हरूको शैक्षिक सूचकहरूको वर्तमान स्थितिबारे अवगत गराएको थियो । यस पा.वि. तहमा शिक्षक विद्यार्थी अनुपात १:५१.५३, नि.मा. तहमा १:५८.९६ र मा.वि. तहमा १:४८.४० रहेको, तालिम प्राप्त शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा १:१३१.०० रहेको देखियो । खुद भर्ना दर पा.वि. तहमा छात्रा ९३.९०, छात्र ९२.७४ र जम्मा खुद भर्ना दर

४४.७७ र मा.वि. तहमा ३४.०० रहेको पाईयो । यस प्रतिवेदनमा शैक्षिक वर्ष २०६५ को कक्षा ३ र ५ को नेपाली, अंग्रेजी र गणित विषयको उपलब्धि परीक्षाको विवरण उल्लेख रहेको पाईयो । यस प्रतिवेदनमा उल्लेख भए अनुसार कक्षा ३ को नेपाली, अंग्रेजी र गणित विषयको जम्मा औसत उपलब्धि ४५ रहेको र कक्षा ५ को सोही विषयहरूको जम्मा औसत उपलब्धि पनि ४५ नै रहेको पाइयो । यस प्रतिवेदनले कक्षा ३ का विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर नेपालीमा ४५% र गणितमा ४४% रहेको र कक्षा ५ का विद्यार्थीहरूको सिकाइ उपलब्धि तर नेपालीमा ४६%, अंग्रेजीमा ४४% र गणितमा ४२% रहेको देखाएको छ (जि.शि.का. मोरङ्ग, ०६६/०६७) ।

शिक्षा विभाग (२०६४/०६५) का अनुसार विद्यार्थीहरूको शिक्षण सिकाइमा महत्वपूर्ण भूमिका खेल्ने विद्यार्थी, उनीहरूको परिवार, विद्यालय र अन्य बाह्य तत्वहरूको बारेमा चर्चा गरिएको थियो । विद्यार्थीको उपलब्धि कुनै एक तत्वको मात्र परिणाम हैन बरु धेरै तत्वहरूको समष्टिगत प्रभाव हो । केही हदसम्म बाह्य तत्व र उनीहरूको घर र व्यक्तिगत तत्वमा आधारित थिए । घरमा बच्चाको सिकाइ विषयमा र परिवारको शैक्षिक स्थिति, पेशा, शिक्षाप्रति अभिभावकको आकांक्षा र सिकाइ सहज पार्न उनीहरूको सहयोग बारेमा जानकारी लिने उद्देश्यले बाबुआमा सम्बन्धी सूचना सङ्कलन गरिएको थियो । जसमा कूल आमामध्ये करिब ४८.६% शिक्षित र बाँकी ५२१.४% अशिक्षित थिए । धेरै जसो बाबु साक्षर र आमा निरक्षर रहेको पाइयो । अभिभावकहरू धेरैजसो कृषि पेशामा संलग्न थिए । आमाबाबुहरू आफैं उत्प्रेरित भई विद्यालयमा जाने र आफ्ना छोराछोरीको पढाइको बारेमा बुझ्ने नगरेको पाइनुका साथै वर्तमान अवस्थामा विद्यार्थी सिकाइमा अभिभावकले खासै योगदान गर्न सक्लान् भनी अपेक्षा गर्न नसकिने बताएका थिए । यस अध्ययन प्रतिवेदनले कक्षा ५ का विद्यार्थीहरूको पाँच विषयमा प्राप्त समग्र उपलब्धि प्रस्तुत गरेको थियो । जसमा प्राप्त औसत अङ्क नेपाली विषयमा ४५.०८, अङ्ग्रेजीमा ३९.६०, गणितमा ४७.६४, वातावरणमा ४५.५६ र सामाजिक शिक्षामा ६५.३५ रहेको थियो । सीप र क्षमताका आधारमा यो तहको उपलब्धिले सन्तोषजनक वा अपेक्षित उपलब्धि हो भनी निश्चित हुन नसकिने तर्क सो अध्ययनले राखेको थियो । अध्ययनले देखाए अनुसार ३४% शिक्षकहरू २० वर्षभन्दा बढी अनुभव हुने, १०-२० वर्ष अनुभव हुने शिक्षकहरू २९.७८%, ५-१० वर्ष अनुभव हुने शिक्षकहरू १७.३२% रहेका थिए । अधिकांश शिक्षकले शैक्षिक सामाग्री ६९.२९% पाठ्यक्रम ५१.१८% र कक्षा किताब ८५.०५% प्रयोग गरेको बताए । प्रायः जसो सबै शिक्षकहरूले गृहकार्य दिने गरेको, प्र.अ., स्रोत व्यक्ति, वि.नि. र वि.व्य.स.अध्यक्ष र सदस्यहरूले सुपरिवेक्षण गरेको जि.शि.का.बाट विभिन्न सहयोग

प्राप्त गरेको बताए । उनीहरूको वि.व्य.स. सदस्यहरू सँग राम्रो सम्पर्क रहेको तर यस्ता भेटघाटले कक्षाकोठाको शिक्षणमा उल्लेखनीय प्रभाव भने नपरेको पाइयो (शिक्षा विभाग, २०६४/०६५)

यस अध्ययनसँग सम्बन्धित लेखतथा साहित्यले सरोकारवाला पक्षलाई आवश्यक प्रेरणा मिल्ने विश्वास गरेको छ । यस्ता लेखहरूले हिक्षा क्षेत्रमा थप खोज तथा अनुसन्धान गर्ने अनुसन्धानकर्ता, शोधकर्ता तथा योजनाकारहरूलाई थप सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

२.२ अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोध अध्ययन एफ.डब्लु.टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र बी.एफ. स्कीनरको क्रियात्मक सम्बन्ध प्रयावर्तन सिकाइ सिद्धान्तमा आधारित छ ।

एफ.डब्लु. टेलर (सन् १८६५-१९१७) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापन सिद्धान्तअनुसार व्यक्तिको कार्यदक्षता बढाएर उत्पादन बढाउन सकिन्छ । व्यवस्थापकले कार्य प्रति अधिकतम उपलब्धि हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्दछ । कार्य विश्लेषण गरी काम तथा कामदार उपयुक्त हुनुपर्ने, कार्यको जिम्मा व्यवस्थापकले लिनुपर्दछ । जसले गर्दा कार्य सम्पादनमा द्रुतता बढाउन, दक्षता बढाउन सहयोग र उत्प्रेरणा प्रदान गर्न सफलता मिल्छ । कामदारको कार्यशैलीलाई वैज्ञानिक बनाउनु पर्छ, कामदारलाई तालिम दिनुपर्छ । व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नुपर्छ भन्ने यस सिद्धान्तको मूल आशय हो (कोइराला, श्रेष्ठ २०६३ बाट उद्धृत) ।

यस सिद्धान्तका प्रवर्तक एफ.डब्लु. टेलर (१९११) हुन् । यस शोध अध्ययनको शीर्षक सँग सान्दर्भिक भएकोले यस सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिइएको हो । आजको समाज वैज्ञानिक युगमा प्रवेश गरिसकेको छ । समाजलाई वैज्ञानिक रुपबाट अगाडि बढाउनका लागि शिक्षलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्नुपर्छ । शिक्षकलाई तालिम दिने, दक्षतापूर्वक काम सिकाउने, प्रशासक र शिक्षक तथा कर्मचरीबीच आत्मीय सम्बन्ध सहयोग र सामाञ्जस्यता कायम गरेर, कामप्रति प्रेरणा जगाएर शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । जसले गर्दा उच्च सिकाइ उपलब्धि प्राप्तिमा सहयोग पुगदछ । तसर्थ सिकाइ उपलब्धि स्तर वृद्धि गर्न यो सिद्धान्त सान्दर्भिक देखिएकोले टेलरको सिद्धान्त पक्षको आधारमा यो अध्ययन गरिएको छ (कोइराला र श्रेष्ठ २०६३ बाट उद्धृत)

विद्यालयमा कार्यरत प्र.अ. शिक्षक कर्मचारीबीच सुमधुर सम्बन्ध कायम हुन सकेन भने विद्यालयको शैक्षिक प्रगति हुन सक्दैन । प्रशासक (प्र.अ) तथा शिक्षकबीच सम्बन्ध राम्रो नहुँदा प्रशासक (प्र.अ.) लाई प्रशासनमा अप्ठ्यारो स्थितिको वातावरण सिर्जना गर्ने, प्र.अ.ले पनि शिक्षक

तथा कर्मचारीलाई उचित निर्देशन नदिने, सही तरिकाले काममा परिचालन नगर्ने, एकअर्कामा सहयोग नगर्ने, बदला लिने जस्ता कार्यहरू हुने गर्छन् । त्यस्तै गरी विद्यालयमा कार्यरत तालिम अप्राप्त शिक्षकहरू रहेका छन् । तिनीहरूलाई तालिमको व्यवस्था नगर्दा योजनाबद्ध र प्रभावकारी ढंगबाट शिक्षण सिकाइ क्रियाकलाप हुन सक्दैन । प्रशासनले सही नेतृत्व एवं उचित व्यवस्थापन गर्न नसक्दा विद्यमलयको पूरै वबतावरण खल्बलिन सक्छ । यस्ता समस्याहरूको उचित समाधान गर्न सके विद्यालयको शैक्षिक स्तर बृद्धि हुन सक्छ ।

सबैका लागि शिक्षको बहत्तर उद्देश्यअनुरुप नेपालले गुणस्तरीय शिक्षामा पहुँच बढाउन स्थानीय निकायलाई व्यवस्थापकीय कार्य गर्नका लागि अधिकार प्रत्यायोजन गर्ने, सबै शिक्षकहरूलाई पूर्णरुपमा तालिमको व्यवस्था गर्ने, निरन्तर रुपमा मूल्याङ्कन तथा अनुगमन गर्ने, छात्रवृत्तिको व्यवस्था गर्ने जस्ता कार्यमा जोढ दिएको छ । तथापि सिकाइ उपलब्धि कम रहेको स्थिति छ । व्यवस्थापन पक्षमा पनि अपेक्षित रुपमा सुधार हुन सकेको छैन । त्यसैले व्यवस्थापन पक्षलाई सुदृढ गरी सिकाइ उपलब्धिमा अभिबृद्धि गर्ने गरी सही रुपमा कार्यान्वयनमा ल्याउने गरी शोध गर्न यो सिद्धान्तले आधार प्रदान गर्दछ ।

बी.एफ. स्कीनर (१९३०) को क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्छ । अर्थात् प्राणीबाट चाहेको व्यवहार प्राप्त गर्न प्राणीमा उत्तेजना पैदा गराउन सक्नुपर्छ । तर त्यो उत्तेजना पनर्वलयुक्त हुनुपर्छ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाइ सिकाइ प्राप्त गर्न सकिन्छ । चाहेको व्यवहारमा अभ्यास गराउन सकिन्छ । सिकारुको व्यवहारलाई चाहेको अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार (प्रतिक्रिया० प्रति ठीक समयमा नै पुनर्वल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्छ । नकारात्मक आदत निर्माण हुनसक्छ । सामान्य परिणामको आँकलन गरी प्रतिक्रियाअनुसार पुर्नवल प्रदान गर्दै रहनुपर्दछ (शर्मा एण्ड शर्मा २०६१)

क्रियात्मक सम्बन्ध प्रत्यावर्तनलाई सिकाइ सिद्धान्त हालको विद्यालय शिक्षणसँग सम्बन्धित भएको र प्रस्तुत शोध शीर्षकसँग सान्दर्भिक भएकोले यस सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिइएको छ । यो सिद्धान्त प्राथमिक तहमा अध्ययन गर्ने उमेरका बालबालिकाहरूलाई जटिल सीप सिकाउनका लागि कक्षाकोठामा सफलतापूर्वक प्रयोग गर्न सकिन्छ । सकारात्मक पुर्नवलको माध्यमबाट विद्यालर्थीलाई अभ्यस्त बनाई विद्यार्थीहरूको व्यवहार निर्माणमा सकारात्मक सुधार ल्याउने यो सिद्धान्त प्रयोग गर्न सकिन्छ । अपेक्षित उपलब्धि हासिल गर्न यसको प्रयोग गर्न सकिन्छ । खास गरी प्राथमिक तहका बालबालिकाहरूमा पढाइमा ध्यान नदिने नियमित विद्यालय नआउने,

अभ्यास नगर्ने, विद्यार्थीहरूलाई पुनर्वलको प्रयोग गरी पढ्ने बानीको विकास गर्न पढाइमा चाख बढाउन, नियमित रुपमा विद्यालयमा आउन, विद्यालयको आचारसंहिता पालना गर्न यो सिद्धान्त उपयोगी हुनसक्छ ।

प्राथमिक तहमा भर्ना भएका बालबालिकाहरूलाई आर्थिक कमजोरका कारण उचित पोषण, पोसाक, छात्रवृत्ति, स्टेशनरी सामाग्री दिननसक्दा उनीहरूले पढाइमा नियमितता दिन सक्दैनन् । जसको परिणामस्वरुप शैक्षिक उपलब्धि राम्रो हुदैन । आर्थिक र मानसिक संकटका कारण पढाइप्रति उचित ध्यान दिन सक्दैनन् ।

यसरी विद्यालयमा भर्ना भएर पनि बीचैमा कक्षा छाड्ने, नियमित रुपमा विद्यालयमा नआउने, कक्षा दोहोऱ्याउने जस्ता समस्या अहिले चिन्ताको विषय बनेको छ । यस सिद्धान्त अनुसार बालबालिकालाई उचित पोसाकको व्यवस्था, खाजाको व्यवस्था, छात्रवृत्ति, पुरस्कार, स्टेशनरी सामाग्री प्रदान गर्नु उनीहरूका निम्ति उत्तेजना जगाउने पुनर्वल हुनसक्छ । पुनर्वल प्रदान गरेर विद्यार्थीलाई नियमित गराउन सकिन्छ । त्यस्तै गरी विद्यालय जाने बानी नभएकालाई विभिन्न छात्रवृत्ति तथा पुरस्कार प्रदान गरेर विद्यालय जान नियमित हुन, पढाइमा आदत बसाउन, अभ्यास गर्न, अभ्यस्त गराउन सकिन्छ । यसले पुनः प्रतिक्रिया देखाउन प्रेरित गर्छ । प्रतिक्रिया देखाइसकेपछि मात्र पुनर्वल दिने गर्दा फेरि पनि यस्तो सहुलियत प्राप्त गर्न विद्यार्थीहरू प्रेरित हुन सक्छन् । विद्यार्थीको व्यवहार अनुसार पुनर्वल ठीकठीक समयमा हुनुपर्छ । अन्यथा त्यसको असर नराम्रो हुनसक्छ र नकारात्मक आदत निर्माण हुन सक्छ । कुन उद्देश्य प्राप्तिको लागि वा कुन व्यवहार निर्माणका लागि पुनर्वल का रुपमा के पुरस्कार दिने वा कस्तो व्यवस्था गर्ने हो स्पष्ट हुनुपर्छ । सम्भाव्य परिमाणका आधारमा सिकाइ प्राप्त हुने गरी पुनर्वलको व्यवस्था मिलाउनुपर्छ । जसले गर्दा सिकाइ प्रक्रिया सफल र प्रभावकारी हुन्छ । यसरी बालबालिकाहरूको शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न यो सिद्धान्तले उचित आधार प्रलान गर्ने भएकाले यस सिद्धान्तलाई अध्ययनको आधार बनाइएको छ ।

२.३. अवधारणात्मक ढाँचा

यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक खाका एवम् सम्बन्धित साहित्यको पुनरावलोकनबाट अहिलेसम्म यस विषयसँग सम्बन्धित भई स्थापित सिद्धान्तहरू र सिद्धान्तले बनाएका मूलभूत पक्षहरूको अध्ययन गर्छ । यस अध्ययन सँग सम्बन्धित साहित्यको पुनरावलोकनबाट विद्यार्थीको सिकाइउपलब्धिको वर्तमान अवस्थालाई उजागर गर्ने शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न सिकाइ उपलब्धिमा भएका समस्याहरू पहिल्याई शैक्षिक उपलब्धिस्तर बृद्धिका

उपायहरू, अवसरहरू र चुनौतिहरू ल्गायतका क्षेत्रमा थप नयाँ धारणाको खाजी गर्ने आधार प्रदान गरी यस शिर्षकमा अध्ययन गर्न थप सहयनोग पुऱ्याएको छ भन्ने अपेक्षा लिएको छ । विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि र सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूसँग सम्बन्धित विभिन्न पक्षहरूमा दिशानिर्देश गर्न स्पष्टता प्रदान गर्न सम्बद्ध सबैलाई महत्वपूर्ण आधार प्राप्त भएको छ । यसलाई निम्न ढाँचामा प्रस्तुत गरिएको छ ।

चित्र नं. १

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको चित्रात्मक ढाँचा



परिच्छेद : तीन

अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानात्मक ढाँचा अनुसन्धान गरिएकोविषयको प्रकृति, अध्ययनको उद्देश्य संकलित सूचनाहरूको किसिम जस्ता विभिन्न पक्षहरूमा निर्भर गर्दछ । यो अनुसन्धान प्राथमिक तहका विद्यार्थीहरूको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको विश्लेषण संग सम्बन्धित भएकोले यस अध्ययनका लागि कतिपय सूचनाहरू परिमाणत्मक तथा कतिपय सूचनाहरू गुणात्मक पर्ने हुदाँ गुणात्मक र परिमाणात्मक दुबै ढाचाँको प्रयोग गरिएको छ ।

३.२ अध्ययनको जनसंख्या

संखुवासभा जिल्लाको माम्लिङ्ग स्रोतकेन्द्र अन्तर्गत तामाफोक गा.वि.स.का सामुदायिक विद्यालयहरूलाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ । यसमा प्रा.वि., नि.मा.वि.,मा.वि. तथा उ.मा.वि.गरी जम्मा ९ वटा विद्यालयलाई छनोट गरिएको छ । यस शोधपत्र अध्ययनका लागि संखुवासभा जिल्लाका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू, विद्यार्थीहरू, अभिभावक, वि.व्य.स. का पदाधिकारीहरू, वि.नि., जि.शि.अ. यस अध्ययनका जनसंख्या मानिनेछ ।

३.३ नमूनाको आकार र छनोट विधि

यस अध्ययनको लागि छनोट गरिएको नमुनाको आकार निम्नानुसार लाई लिइएको छ । जसमा ९ वटा विद्यालयलाई छनौट गरिनेछ । छनौट गरिएका विद्यालयबाट १/१ जना प्र.अ.,वि.व्य.स अध्यक्ष १/१ जना, अभिभावक बाट १/१ जना, विद्यार्थीहरू बाट २/२ जना, श्रोत व्यक्ति १ जना, वि.नि. १ जना, शिक्षक १/१ जना गरि जम्मा ५६ जना लाई नमुना जनसंख्याको रुपमा प्रयोग गरिएको छ ।

३.३.१ जिल्ला छनोट

यो अनुसन्धान कार्य सञ्चालन गर्न सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी संखुवासभा जिल्लालाई छनोट गरिएको छ ।

३.३.२ स्रोतकेन्द्र र विद्यालय छनोट

स्रोतकेन्द्र छनोट गर्दा संखुवासभा जिल्लाका १४ वटा स्रोतकेन्द्र मध्येको सुविधा नमूना छनोट विधि अन्तर्गत माम्लिङ्ग स्रोतकेन्द्र र सोही स्रोतकेन्द्र अन्तर्गतको २६ ओटा सामुदायिक विद्यालयहरु

मध्ये ९ ओटा विद्यालयहरु जसमा उ.मा.वि. तथा मा.वि. ३ ओटा, नि.मा.वि. २ ओटा र प्रा.वि. ४ ओटा सुविधाजनक नमुना छनोट विधि अवलम्बन गरी छनोट गरिएको गरिएको छ ।

३.३.३ प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षको छनोट

नमुनामा परेका ९ वटै विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समतिका अध्यक्षहरु छनोट गरिएको छ ।

३.३.४ शिक्षक र विद्यार्थी छनोट

नमुनामा परेका प्रत्येक विद्यालयमा १/१ जना गरी जम्मा ९ जना प्राथमिक शिक्षक र छात्रा र छात्र दुवै पर्ने गरी १/१ जना विद्यार्थी कक्षा ४ र ५ बाट गोला प्रथाद्वारा १८ जना यसमा रहेका छन् ।

३.३.५ विद्यालय निरीक्षक र स्रोतव्यक्तिको छनोट

सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षक १ जना र स्रोत व्यक्ति १ जना गरी जम्मा २ जना रहेका छन् ।

३.४ अनुसन्धानका साधन

यस अध्ययनका लागि विश्वसनीय सूचना र तथ्याङ्कहरु प्राप्त गर्न निम्नानुसारको अनुसन्धान साधनहरुको उपयोग गरिएको छ ।

३.४.१ प्रश्नावली

प्रश्नावली कार्य सञ्चालन गर्न कुनै पनि प्रकारको नियन्त्रण हुँदैन । शोधपत्रमा उल्लेख भएका उद्देश्यहरु पूरा गर्न शोधकर्ताले उत्तरदातालाई प्रतिप्रश्न गर्न खुल्ला हुन्छ । यस शोधकर्ताले प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु र सिकाइ उपलब्धिमा सुधार गर्ने उपायहरुको खोजी जस्ता पक्षहरुको पुरा गर्नको लागि अभिभावक, शिक्षक, वि.व्य.स.का पदाधिकारी, विद्यार्थी,स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकलाई बन्द प्रश्न सोधिएको छ । जसलाई अनुसूची १, २, ३, ४ र ५ मा राखिएको छ ।

३.४.२ दस्तावेज अध्ययन

नमुना छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकसँग आवश्यक पर्ने सिकाइ उपलब्धिको स्थिति, विद्यार्थी संस्था लगायत आवश्यक सूचना तथा तथ्याङ्कहरु माथि अध्ययन गरिएको छ।

३.४.३ लक्षित समूह छलफल

यस शोधपत्रमा निर्धारण भएका उद्देश्यहरु पूरा गर्नका लागि बन्द प्रश्नावली, विद्यालयको दस्तावेज, अध्यक्षबाट प्राप्त भएका सूचनाहरुलाई विश्वसनीयता निर्धारण गर्न नमुना विद्यालयका शिक्षकहरु बीच समूह छलफल सञ्चालन गरिएको छ ।

३.५ तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अध्ययनका लागि निम्न तथ्याङ्क सङ्कलनका स्रोतबाट तथ्याङ्क संकलन गरिइको छ ।

३.५.१ प्राथमिक स्रोत

यस अन्तर्गत प्रत्यक्ष भेटघाट, अन्तरवार्ता। अवलोकन र छलफल पर्दछन् । यस अध्ययनमा विद्यालयका प्र.अ., वि.व्य.स.पदाधिकारी, अभिभावक, वि.नि., स्रोतव्यक्ति, तथा विद्यार्थीहरूबाट संकलन गरिएका तथ्याङ्क तथा सूचनाहरू प्राथमिक तथ्याङ्कका स्रोत अन्तर्गत रहेका छन् । यसका लागि अध्ययनकर्ता स्थलगत सर्वेक्षण र अवलोकन गरी कार्य पुरा गरिएको छ ।

३.५.२ द्वितीय स्रोत

यस अध्ययनमा सम्बन्धित विद्यालयको अभिलेख, शैक्षिक तथ्याङ्क, प्रतिवेदन, बुलेटिन, पत्रपत्रिका, पुस्तक एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका शिक्षा सम्बन्धी लेख रचना आदिबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रुपमा राखिएको छ ।

३.५.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनका क्रममा तयार पारिएका बन्दप्रश्नावली उत्तरदातालाई वितरण गरी त्यसबाट प्राप्त भएको सूचना तथा तथ्याङ्कहरू संकलन गरी त्यसलाई उद्देश्य अनुसारका उपयुक्त शीर्षकमा विभाजन गरिएको छ । यसलाई अध्याय - चारमा व्याख्या, विश्लेषण र सम्बन्धित साहित्यसँग सम्बन्धित गराउँदै निष्कर्ष निकालिएको छ ।

परिच्छेद :चार

प्रस्तुतिकरण, व्याख्या र विश्लेषण

यस खण्डमा प्राथमिक शिक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्न संखुवासभा जिल्लामा पर्ने माम्लिङ्ग स्रोतकेन्द्र अन्तर्गतका २६ वटा सामुदायिक विद्यालयहरू मध्ये ९ वटा विद्यालयको प्राथमिक तहको विद्यालर्थी भर्ना, परीक्षामा सम्मिलित उत्तिर्ण अवस्था, बीचैमा कक्षा छाड्ने स्थिति विद्यार्थीहरूको नियमितता स्रोतकेन्द्र परीक्षा विश्लेषण, सिकाई उपलब्धि स्थितिको तुलनात्मक अध्ययन र सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको अध्ययनको लागि विद्यालयगत तथ्याङ्कको ब्याख्या र विश्लेषण गरिएको छ ।

४.१ विद्यार्थीहरूले प्राप्त गरेको सिकाई उपलब्धिको लेखाजोखा

प्राथमिक तहमा विद्यार्थीहरूले प्राप्त गरेको सिकाई उपलब्धि अवस्था कस्तो रहेको छ भनी लेखाजोखा गर्नु यस अध्ययनको उद्देश्य हो । वास्तावमा विद्यार्थीहरूले विभिन्न विषयहरूमा प्राप्त गरेको सिकाई उपलब्धिले त्यस विद्यालयको शैक्षिक अवस्था कति मजबुत वा कमजोर छ भनी पत्ता लगाउन सकिन्छ । त्यस्तै विद्यालयमा कति विद्यार्थीहरू भर्ना भएका छन्, ती मध्ये कति परीक्षामा सामेल भएका र कतिले बीचैमा कक्षा छाडेका छन्, परीक्षा दिनेमध्ये कति उत्तिर्ण भएका, कति अनुत्तिर्ण भएका छन्, के विद्यार्थीहरूले सबै विषयमा प्राप्त गरेको सिकाई उपलब्धि उत्साहजनक छ वा छैन विद्यार्थीहरूले प्राप्त गरेको सिकाई उपलब्धिको राष्ट्रिय स्तर, क्षेत्रिय स्तर तथा जिल्ला स्तरको सिकाई उपलब्धिको तुलनामा बढी या कम छ भनी लेखाजोखा गर्ने सन्दर्भलाई निम्न आधारको उपशिर्षकमा राखी अलग अलग रुपमा ब्याख्या र विश्लेषण गरिएको छ ।

४.१.१ विद्यार्थीको भर्ना र कक्षा छाड्ने स्थिति

भर्ना परीक्षामा सम्मिलित र उत्तिर्णको स्थितिले विद्यालयको आन्तरिक सक्षमताको अवस्था बारे जानकारी हुन्छ । विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको प्रमुख उद्देश्य उच्तम अंक ल्याई कक्षा उत्तिर्ण हुनु हो । तर भर्ना भएका सबै विद्यार्थीहरू परीक्षामा सम्मिलित हुदैनन । भर्ना भएको केही सत्र भरिमा विभिन्न कारणले विद्यार्थीहरू कक्षा छाड्ने गर्छन् भने कसैले अनुत्तिर्ण भएर पनि कक्षा छाड्ने गर्दछन्, यसलाई तलको तालिकामा अध्ययन गरिएका विद्यालयहरूको जम्मा भर्ना भएका विद्यार्थी संख्या र कक्षा छाड्ने विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ ।

तलिका नं. १

विद्यार्थीको भर्ना तथा कक्षा छाड्ने स्थिति

क्र. सं.	विद्यालयको नाम	भर्ना भएको विद्यार्थी संख्या			कक्षा छाड्ने विद्यार्थी संख्या			कक्षा छाड्ने प्रतिशत
		छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	
१.	श्री चामुण्डे उ.मा.वि. तामाफोक	६०	७५	१५३	१०	५	१५	९.८०
२.	श्री शान्ती मा.वि. तेल्लोक	७०	७५	१४५	५	३	८	५.५१
३.	श्री सिंहेश्वरी मा.वि. मुढेशनिश्चरे	८५	६५	१५०	१०	५	१५	१०
४.	श्री विष्णु नि.मा.वि. कुन्ताङ्ग	७०	६०	१३०	१०	२	१२	९.२३
५.	श्री कालिका नि.मा.वि. महभिर	८०	७०	१५०	१०	१०	२०	१३.३३
६.	श्री शिव प्रा.वि. मभ्कूवा	७५	५५	१३०	१०	२	१२	९.२३
७.	श्री सिंह प्रा.वि. फूङ्लिङ्ग	६०	७०	१३०	५	६	११	८.४६
८.	श्री धर्मोदय प्रा.वि. सल्ले	६५	७५	१४०	५	५	१०	७.१४
९.	श्री इन्द्रकाली प्रा.वि. तामाफोक	७५	५०	१२५	५	२	७	५.६
	जम्मा	६४०	५९५	१२३५	७०	४०	११०	८.९०

स्रोत :- विद्यालय तथ्याङ्क विवरण २०६९

मथिको तालिकाबाट माम्लिङ्ग स्रोतकेन्द्र अन्तर्गत गरिएका ९ वटा विद्यालयहरूमा भर्ना भएका कूल विद्यार्थी संख्या १२३५ रहेको र कक्षा छाड्ने विद्यार्थी संख्या ११० रहेको देखाएको छ । उक्त विद्यालयहरूमा सबैभन्दा बढी विद्यार्थी भर्ना संख्या १५० जना कालिका नि.मा.वि. महभिरमा रहेको र कम विद्यार्थी इन्द्रकाली प्रा.वि. तामाफोक ५ मा १३० जना रहेको छ । त्यस्तै गरेर कक्षा छाड्ने विद्यार्थीको संख्या पनि कालिका नि.मा.वि. महभिरमा २० जना रहेको छ भने कम विद्यार्थी छाड्ने विद्यालय श्री इन्द्रकाली प्रा.वि. तामाफोक ५ मा ७ जना रहेको छ । त्यस्तै विद्यालयहरू चामुण्डे उमावि बाट र सिंहेश्वरी मा.वि. मुढेशनिश्चरे बाट १५/१५ जना रहेको छ । त्यस्तै विश्णु नि.मा.वि. कुन्ताङ्ग र शिव प्रा.वि. मभ्कुवाबाट १२/१२ जना रहेको छ । शान्ति मा.वि. तेल्लोकबाट ८ जना विद्यार्थी कक्षा छोड्ने रहेको छ । धर्मोदय प्रा.वि. सल्ले बाट विद्यालय छाड्ने विद्यार्थी संख्या १० रहेको छ भने सिंहदेवी प्रा.वि. फूङलिङ्गबाट ११ जना रहेका छन् ।

कक्षा छाड्ने दर वर्तमान स्थितिमा सुधार गर्न विद्यार्थीहरूलाई विद्यालय आउन आकर्षण गर्नुपर्छ । बी.एफ. स्कीनरको भनाइअनुसार सिकाइका निम्ति उत्तेजनायुक्त पुनर्वलको आवश्यकतापर्दछ । यसै सिद्धान्तअनुसार विद्यार्थीहरूको कक्षा छाड्ने दरमा कमी ल्याउनका लागि

विद्यार्थीहरूलाई पुरस्कार, छात्रवृत्ति, खाजा तथा पोशाक जस्ता कुराहरू आवश्यकता अनुसार वितरण गरिनुपर्दछ जसले पुनर्वलको रुपमा काम गरोस् । विद्यार्थी गरिबी, चेतनाको अभाव, घरायसी काममा संलग्न हुनुपर्ने आदि जस्ता कारणले नियमित रुपमा विद्यालय आउन सक्दैनन् र बीचैमा कक्षा छाड्नुपर्ने बाध्यता हुन्छ ।

अध्ययन गरिएका विद्यालयहरूको भर्ना र कक्षा छाड्ने स्थितिलाई निम्न स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

चित्र नं. २

भर्ना र कक्षा छोड्नेको स्थिति



४.१.२ परीक्षामा सम्मिलित र कक्षा उत्तिर्ण

एक शैक्षिक सत्रको अध्ययन पश्चात विद्यार्थीले तोकिएको सिकाइउपलब्धि हासिल गरी माथिल्लो कक्षामा जानु कक्षा उत्तिर्ण हुनु हो । विशेष गरी प्राथमिक तहमा उदार कक्षोन्नति प्रणाली अवलम्वन गर्ने सरकारी नीतिलाई अपनाउन सकिरहेका छैनन् । यस अध्ययनमा छनौट गरिएका कतिपय विद्यालयहरूले परीक्षा पद्धतिको आधारमा कक्षा उत्तिर्ण गर्ने गरिएको पाइयो । अध्ययन गरिएका विद्यालयहरूको परीक्षामा सम्मिलित र उत्तिर्ण सम्बन्धि विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न. २

परीक्षामा सम्मिलित र कक्षा उत्तिर्ण

क्र.सं.	विद्यालयको नाम	परीक्षामा सम्मिलित			उत्तिर्ण			उत्तिर्ण प्रतिशत
		छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	
१.	श्री चामुण्डे उमावि तामाफोक-६	५०	७०	१२०	४५	६०	१०५	८७.५%
२.	श्री शान्ति मावि तेल्लोक	६०	४०	१००	५५	३५	९०	९०%
३.	श्री सिंहेश्वरी मावि मुढेशनिश्चरे	७०	७१	१४१	६५	७०	१३५	९५.७४%
४.	श्री विश्णु निमावि कुन्ताङ्ग	५५	४५	१००	५०	४५	९५	९५%
५.	श्री कालिका निमावि महभिर	६०	५०	११०	६०	४०	१००	९०.९%
६.	श्री शिव प्रावि मझुवा	५०	५५	१०५	४०	५०	९०	८५.७%
७.	श्री धर्मोदय प्रावि सल्ले	७०	६०	१३०	६८	५२	१२०	९२.३%
८.	श्री सिंहदेवी प्रावि फूङ्लिङ्ग	६०	५०	११०	५५	४८	१०३	९३.६३%
९.	श्री इन्द्रकाली प्रावि तामाफोक-५	६५	५०	११०	६१	४८	१०९	९४.७८%
	जम्मा	५४०	४९१	१०२६	४९९	४४८	९४७	९२.३०%

माथि को तालिका अनुसार अध्ययन गरिएका विद्यालयहरू मध्ये सिंहदेवी मा.वि.मा सबैभन्दा बढी ९५.७४ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको र सबैभन्दा कम ८५.७१ प्रतिशत शिव प्रा.वि. मझुवा तामाफोक ८ बाठ उत्तिर्ण भएको देखिन्छ । अध्ययनमा संलग्न ९ वटा विद्यालयहरू मध्ये विश्णु नि.मा.वि. कुन्ताङ्ग ९५ प्रतिशत, इन्द्रकाली प्रा.वि. ९४.७८ प्रतिशत, सिंहदेवी प्रा.वि. फूङ्लिङ्ग ९३.६३ प्रतिशत, धर्मोदय प्रा.वि. सल्ले ९२.३ प्रतिशत, कालिका नि.मा.वि. महभिर ९०.९ प्रतिशत, शान्ति मा.वि. तेल्लोक ९० प्रतिशत र चामुण्डे उमावि ८७.५ प्रतिशत विद्यार्थीहरू उत्तिर्ण भएको देखिन्छ । प्राथमिक तहमा सबै विद्यार्थीहरूलाई उत्तिर्ण गराउनु पर्ने वा उदार कक्षोन्ति प्रणाली अवलम्वन गर्ने सरकारी नीति भएता पनि उक्त तालिका बमोजिम सो देखिदैन । केही संख्यामा अनुत्तिर्ण भएको पनि देखिन्छ ।

अध्ययनमा संलग्न विद्यालयहरूको परीक्षामा सम्मिलित भएका विद्यार्थी संख्या र कक्षा उत्तिर्ण हुने विद्यार्थी संख्याको अवस्थालाई निम्न स्तम्भ लेखाचित्रमा (बारग्राफ) यसरी देखाउन सकिन्छ ।

चित्र नं. ३

परीक्षामा सम्मिलित र कक्षा उत्तिर्ण अवस्था



माथिको बारग्राफबाट अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूको विद्यार्थी परीक्षामा सम्मिलित संख्या र उत्तिर्णको स्थितिलाई तुलनात्मक रुपमा अझ बढी प्रष्ट पारेको छ ।

४.१.३ विद्यार्थीहरूको सिकाइ उपलब्धि स्थिति

विद्यार्थीहरूले प्रथ्येक विषयमा सिकाई उपलरिबधका साथ उच्चतम अंक ल्याई कक्षा उत्तिर्ण हुनु नै गुणस्तरीय शिक्षाको पहिचान हो । शैक्षिक संस्थाबाट विद्यार्थीले के कति सिक्नु पर्ने मध्ये कति सिक्यो, के सिक्यो भन्ने कुराको जानकारी विद्यार्थीहरूको वार्षिक परीक्षाको नतिजाबाट लिन सकिन्छ सकिन्छ । शैक्षिक सत्रको अन्तमा लिईने प्राथमिक तहको वार्षिक परीक्षा पश्चात पुनः तोकिएको निश्चित कक्षाहरूको मात्र नेपाली, गणित, अंग्रेजी, सामाजिक र विज्ञान विषयमा तिनै वार्षिक परीक्षामा सम्मिलित विद्यार्थीहरूकै सहभागीतामा वार्षिक उपलब्धि परीक्षा लिने व्यवस्था हुदै आएको छ ।

माम्लिङ्ग स्रोकेन्द्रका प्राथमिक तहको समग्र सिकाई उपलब्धिमा सबैभन्दा बढी विज्ञान विषयमा औसत ५५.५१ सिकाई उपलब्धि रहेको देखिन्छ भने सबैभन्दा कम गणित विषयमा औसत ४८.४८ सिकाई उपलब्धि रहेको देखिन्छ । त्यस्तै सामाजिक विषयामा ५१.८७ सिकाई उपलब्धि नेपाली विषयमा ५०.६६, अंग्रेजी विषयमा ५०.०२ रहेको देखिन्छ । विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्थितिलाई अनुसूची- ६ मा राखिएको छ ।

i. कुनै विद्यालयको नतिजा स्रोतकेन्द्रको भन्दा राम्रो र कुनै विद्यालयको नतिजा उत्साहजनक रुपमा रहेको पाइदैन । जसको कारण गरिबीले गर्दा अभिभावकहरू गाँस, बास, कपासको खोजीमा लाग्नुपर्ने र बालबालिकालाई न्यूनतम शिक्षा दिन पनि नसक्ने भएकाले गर्दा विद्यालयमा भर्ना गर्न र नियमितता गर्न सकेको छैन । यस्तो अवस्थामा आर्थिक स्थिति कमजोर भएका कारण उचित पोशाक, कापी, कलम, किताब आदि दिन नसक्दा बालबालिकहरू पढाइमा नियमितता दिन सक्दैनन् जसले गर्दा सिकाई उपलब्धि राम्रो हुदैन ।
ii. शिक्षाको अभाव - बालबालिकाका दाजुभाई तथा दिदीबैनीहरू सैद्धान्तिक शिक्षा मात्र भएकोले बेरोजगार वा पढाई कुनै पक्षमा पनि काम नदिने भएकाले अर्थ नरहने जस्ता भ्रम पक्षहरू भएकाले पनि विद्यार्थीहरू विद्यालय नियमित आउन नसक्ने भएका कारणले सिकाई उपलब्धिमा समस्या आएको देखिन्छ ।

बी.एफ. स्कीनरका अनुसार व्यक्तिलाई पुनर्बलयुक्त उत्तेजनाबाट क्रियाशिल बनाएर सिकाई प्राप्त गर्न सकिन्छ । चाहेको ब्यवहारमा अभ्यास्त गराउन सकिन्छ भन्ने भनाई यहाँ सान्दर्भिक देखिन्छ ।

४.२. सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

मानव विकासको महत्वपूर्ण पक्षका रुपमा शिक्षालाई लिन लिइन्छ । राष्ट्रका लागि आवश्यक दक्षजनशक्ति उत्पादन गर्न शिक्षाको अपरिहार्य आवश्यकता हो । त्यसमा पनि प्राथमिक तहका सम्पूर्ण बालबालिकाहरू समयमै विद्यालयमा भर्ना भई शैक्षिक क्षति बिना उच्चतम सिकाई उपलब्धिका साथ सो तह पूरा गर्न सकेको खण्डमा मात्र मुलुकको समग्र माथिल्ला तहको शिक्षाले अपेक्षित रुपमा विकासको गति अघि बढाउन सकिन्छ । प्राथमिक शिक्षालाई गुणस्तरीय बनाउन विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन हुदै आइरहेका छन् । यति हुदाँहुदै पनि प्राथमिक तहको सिकाई उपलब्धि खस्कदो अवस्थामा देखिएको छ । त्यसैले विद्यार्थीहरूको सिकाई उपलब्धिमा कुन कुन तत्वहरूले प्रभाव पारेको छ भनी पत्ता लगाउन अध्ययनमा संलग्न विद्यालयहरूको विविध

पक्षसँग सम्बन्धित तथ्याङ्कहरूको तुलनात्मक रुपमा विश्लेषण गर्ने यस शीर्षक अन्तर्गत गरिएको छ । प्राथमिक तहको विद्यार्थीहरूको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्ने सन्दर्भमा उत्तरदाताहरूलाई भराइएका प्रश्नावली तथा अन्तर्वाताका आधारमा प्राप्त तथ्याङ्कहरूलाई निम्नानुसारको उपशीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरिएको छ ।

४.२.१. योजना निर्माण र प्रयोग

विद्यालयमा गरिएको सम्पूर्ण शैक्षिक कार्यक्रमहरू योजना निर्माण गरी सो बमोजिम कार्य गर्नाले तोकिएको समयमा सबै कार्य सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ । विद्यालयमा आवश्यक विविध योजनाहरू निर्माण गरी त्यसलाई सही ढङ्गबाट कार्यान्वयन गर्ने हो भने यसलाई शैक्षणिक स्तर बृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउछ । योजनाले लक्ष्य हासिल गर्नको लागि दिशानिर्देशको काम गर्दछ । तसर्थ विद्यालयमा सबै प्रकारका योजना तयार गरी कार्यान्वयन गराउनु आवश्यक हुन्छ । विद्यालयमा कुन कुन योजनाहरू त्य गरी कार्यान्वयन गर्ने/गराउने गरेको छ भन्ने बारेमा सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रोत व्यक्ति र वि.नि. को प्रतिक्रियालाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.३

योजना निर्माणको अवस्था

क्र.सं.	तयार गरेको संख्या			कार्यान्वयन गरेको संख्या		तयार नै नगरेको	
	विवरण	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	वार्षिक कार्यतालिका	७	७७.७८	७	७७.७८	२	२२.२२
२.	वार्षिक कार्ययोजना	५	५५.५६	४	४४.४४	४	४४.४४
३.	एकाई योजना	२	२२.२२	२	२२.२२	७	७७.७८
४.	दैनिक पाठयोजना	४	४४.४४	४	४४.४४	५	५५.५६
५.	दैनिक कार्यतालिका	९	१००	९	१००	–	–
६	विद्यालय सुधारयोजना	९	१००	९	१००	–	–

स्रोत :– स्थलगत अध्ययन २०७०

उपरोक्त तालिकालाई विश्लेषण गर्दा अध्ययनमा संलग्न विद्यालयहरू मध्ये ७७.७८ प्रतिशत विद्यालयले वार्षिक कार्यतालिका तयार गरेको र ७७.७८ प्रतिशत विद्यालयले सो योजना तयार गरी लागू गरेको पाइयो भने २२.२२ प्रतिशत विद्यालयले वार्षिक कार्य योजना निर्माण गर्ने विद्यालयहरू

५५.५६ प्रतिशत रहेको पाइयो भने ४४.४४ प्रतिशत विद्यालयहरूले सो योजना लागू गरेको पाइयो । एकाई योजना तयार गर्ने विद्यालयहरू २२.२२ प्रतिशतले यसलाई लागू गरेको पाइयो भने एकाई योजना नै निर्माण नगर्ने विद्यालयहरू ७७.७८ प्रतिशत रहेको पाइयो । सबै विद्यालयहरूले दैनिक कार्यतालिका तयार गर्ने गरेको र शातप्रतिशत विद्यालयहरूले नै यसलाई लागू गर्ने गरेको देखियो । त्यसै गरी विद्यालय सुधार योजना सबै विद्यालयले तयार गरेको देखिएको छ । उक्त तालिकामा उल्लेख भए अनुसार विद्यालयमा प्रयोग गरिएकोसबै प्रकारका योजनाहरू मध्ये विद्यालय सुधार योजना र दैनिक कार्यतालिका सबै विद्यालयले निर्माण गरेको देखाएको छ भने एकाई योजनाको निर्माण न्यून रहेको अवस्था छ ।

समग्रमा भन्नुपर्दा अध्ययनमा संलग्न सबै विद्यालयहरूले योजनाको आवश्यकता महसुस गरी सबैखाले योजनाहरू निर्माण गरी लागू गर्ने गरेको पाइयो । अझ भन्नुपर्दा कुनै पनि कठिन कार्यलाई व्यवस्थित र समयमा नै सम्पन्न गर्नको लागि योजनाको आवश्यकता पर्दछ । योजना बनाएर कार्य गर्नाले सहज र सरल हुन्छ । विद्यालयको व्यवस्थापन पक्षलाई सुदृढ गरी सिकाई उपलब्धिमा बृद्धि गर्नको लागि योजनाको आवश्यकता पर्दछ । तसर्थ यहाँ एफ.डब्लु.टेलरको सिद्धान्त सान्दर्भिक देखिन्छ ।

४.२.२ विद्यार्थी नियमितता

विद्यालयमा विद्यार्थीको नियमितताले सिकाइ उपलब्धि बढ्ने, कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमि ल्याउने जस्ता सकरात्मक प्रभाव पर्दछ । विद्यालयले विद्यालय समयमा विद्यार्थीको ज्ञान बढाउने, जीवनमा आवश्यक व्यवहारिक सीप प्रदान गर्न र विद्यार्थीको शारीरिक, मानसिक एवं संवेगात्मक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । एक वर्षभरिमा जम्मा ३६५ दिन मध्येबाट सार्वजनिक बिदा र पर्व बिदाका दिनहरू कटाएर एक शैक्षिक सत्रमा विद्यालय खुल्नुपर्ने निश्चित दिन हुन्छ । शिक्षा ऐन तथा नियमावलीले वर्षभरीमा कम्तीमा २२० दिन विद्यालय खुल्नुपर्ने र न्यूनतम १८० दिन पढाई सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । अध्यपनमा संलग्न विद्यालयहरू खुलेको दिन पढाइ भएको दिन तथा विद्यार्थीको औसत उपस्थितिको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.४

विद्यार्थीको उपस्थिति विवरण

क्र.सं	विद्यालयको नाम	विद्यालय खुलेको दिन	पढाई भएको दिन	विद्यार्थीको उपस्थिति
१.	श्री चामुण्डे उमावि तामाफोक-६	२३०	१९२	१३६
२.	श्री शान्ति मावि तेल्लोक	२३३	१८३	१३२
३.	श्री सिंहेश्वरी मावि मुढेशनिश्चरे	२२४	१८०	१२७
४.	श्री विश्णु निमावि कुन्ताङ्ग	२२०	१९०	१३०
५.	श्री कालिका निमावि महभिर	२२०	१९२	१३३
६.	श्री शिव प्रावि मभ्फुवा	१९०	१८०	१३५
७.	श्री धर्मोदय प्रावि सल्ले	२२०	१९०	१४४
८.	श्री सिंहदेवी प्रावि फूङ्लिङ्ग	२३३	१९५	१३६
९.	श्री इन्द्रकाली प्रावि तामाफोक-५	२२४	१७९	१४३

स्रोत :- विद्यालयको शैक्षिक विवरण

उपरोक्त तालिकालाई विश्लेषण गर्दा सबै विद्यालयहरू शिक्षा नियमावली अनुसार वर्षमा कम्तीमा २२० दिन खुल्नुपर्नेमा यस अध्ययनमा संलग्न विद्यालयहरू मध्ये एउटा मात्र विद्यालय श्री शिव प्रा.वि. मभ्फुवा २२० दिन भन्दा कम दिन विद्यालय खुलेको पाइएको छ । त्यस्तै २२० दिन मा खुल्ने विद्यालयहरूमा श्री विष्णु नि.मा.वि. कुन्ताङ्ग, श्री कालिका नि.मा.वि. महभिर र श्री धर्मोदय प्रा.वि. सल्ले रहेको पाइयो । त्यस्तै २२० दिन भन्दा बढी खुल्ने विद्यालयहरूमा श्री चामुण्डे उ.मा.वि. तामाफोक, श्री शान्ति मा.वि. तेल्लोक, श्री सिंहेश्वरी मा.वि. तामाफोक, श्री सिंहदेवी प्रा.वि. फूङलिङ्ग र श्री इन्द्रकाली प्रा.वि. तामाफोक ५ रहेको देखिन्छ । सबैभन्दा बढी दिन खुलेका विद्यालयहरू श्री शान्ति मा.वि. तेल्लोक र श्री सिंहदेवी प्रा.वि. फूङ्लिङ्ग २३३ दिन खुलेको र सबै भन्दा कम दिन खुलेको श्री शिव प्रा.वि. मभ्फुवा १९० दिन मात्र खुलेको देखिन्छ । त्यस्तै वर्ष दिन भरिमा कम्तिमा १८० दिन पठनपाठन हुनुपर्नेमा सबै विद्यालयहरूमा सो वा सो भन्दा बढी दिन पढाइ सञ्चालन भएको दखिन्छ । सबैभन्दा कम श्री सिंहदेवी प्रा.वि. फूङ्लिङ्गमा १९५ दिन पढाइ सञ्चालन भएको र सबैभन्दा कम श्री इन्द्रकाली प्रा.वि. तामाफोक ५ मा १७९ दिन पढाइ सञ्चालन भएको देखिन्छ । त्यस्तै सबैभन्दा बढी श्री धर्मोदय प्रा.वि. सल्लेमा औसत उपस्थिति १४४ दिन रहेको र श्री सिंहेश्वरी मा.वि. तामाफोक ८ मा सबैभन्दा कम औसत उपस्थिति १२७ रहेको देखिन्छ ।

विद्यार्थी नियमितता सम्बन्धमा शिक्षा विभाग द्धारा गरिएका अध्ययनहरूको प्रतिवेदन ०६४/६५ ले नियमित कक्षामा उपस्थित हुने विद्यार्थीहरूले उच्च अंक प्राप्त गरेकोले विद्यार्थी नियमितालाई महत्वपूर्ण तत्वको रुपमा स्थापित गरेको छ । वास्तवमा भन्ने हो भने यसले गरेको

अध्ययन यथार्थ हुनुका साथै यस शोधपत्र उध्ययन सँग पनि सान्दर्भिक छ । विद्यार्थी नियमितता बढी भएका विद्यालयमा सिकाई उपलब्धि पनि बढी नै रहेको छ । बि.एफ. स्कीनरले सिकाइका लागि उत्तेजनायुक्त पूनर्वल आवश्यक छ भनेका छन् । यो भनाई यहाँ सान्दर्भिक देखिन्छ किनकि विद्यालय नआउने, पढाइमा ध्यान नदिने विद्यालर्थीलाई पूनर्वलको प्रयोग गरी नियमित विद्यालय आउन र पढ्ने बानीको विकास गराउन सकिन्छ ।

४.२.३ निरीक्षण र अनुगमन

शिक्षाको गुणस्तर बढाउन शिक्षकको कार्य सम्पादनको नियमित अनुगमन र समयमा पृष्ठपोषण उपलब्ध गराउनु आवश्यक पर्दछ । यस उद्देश्यको लाषि सम्बद्ध सबै संस्थाहरू र अधिकारीहरूले सहयोग उपलब्ध गराउन, आफ्नो पेशामा उत्साही बनाउन महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । विद्यालयहरको अनुगमन शिक्षण सञ्चालनको सुपरीवेक्षण र कक्षाकोठा शिक्षण सहजीकरण गर्ने उद्देश्यले स्रोतकेन्द्रहरू स्थापना गरिएको छन् । प्राथमिक विद्यालय शिक्षामा यस्ता सकरात्मक कदमहरू चालिएका छन् । वि.नि., स्रोतव्यक्ति, वि.व्य.स.का पदाधिकारीहरू, प्र.अ. तथा अन्य निकायबाट निरन्तर रुपमा निरीक्षण तथा अनुगमन गरी देखिएका कमी कमजोरी औल्याई समयमा नै सुधार गर्न सकिएमा मात्र अपेक्षित उद्देश्य हासिल गर्न सकिन्छ । यस अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूमा निरीक्षण तथा अनुगमनको स्थिति जानकारी लिने उद्देश्यले प्र.अ.,शिक्षक,वि.व्य.स.लाई भराईएका प्रश्नका आधारमा प्राप्त तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.५

निरीक्षण तथा अनुगमन विवरण

क्र. सं	विद्यालयको नाम	स्रोत व्यक्ति	वि.नि.	अन्य निकायका व्यक्तिहरू
१.	श्री चामुण्डे उमावि तामाफोक-६	३	–	६
२.	श्री शान्ति मावि तेल्लोक	३	–	५
३.	श्री सिंहेश्वरी मावि मुढे शनिश्चरे	४	–	३
४.	श्री विष्णु निमावि कुन्ताङ्ग	२	–	२
५.	श्री कालिका निमावि महभिर	३	–	३
६.	श्री शिव प्रावि मझुवा	४	–	१
७.	श्री धर्मोदय प्रावि सल्ले	३	–	१
८.	श्री सिंहदेवी प्रावि फूङ्लिङ्ग	३	–	२
९.	श्री इन्द्रकाली प्रावि तामाफोक-५	३	–	१

माथिको तालिकालाई विश्लेषण गर्दा छनौट गरिएका विद्यालयहरूमा स्रोतव्यक्तिबाट सबैभन्दा बढी श्री सिंहेश्वरी मा.वि.मुढेशनिश्चरे र श्री शिव प्रा.वि.मझुवा ४ पटक निरीक्षण तथा अनुगमन गरेको पाइयो भने सबैभन्दा कम श्री विश्णु नि.मा.वि.कुन्ताङ्ग मा २ पटक मात्र निरीक्षण तथा अनुगमन गरेको पाइयो । त्यसै गरेर वि.नि.बाट विद्यालय निरीक्षण तथा अनुगमन नगरेको देखिन्छ भने अन्य निकायका व्यक्तिबाट श्री चामुण्डे उमावि तामाफोक ६ मा सबैभन्दा बढी ६ पटक र अधिकांश विद्यालयहरूमा ३, २ र १ पटक मात्र निरीक्षण तथा अनुगमन गरेको पाइयो । उक्त तालिका अनुसार निरीक्षण तथा अनुगमन विद्यालय निरीक्षकको तर्फबाट त देखिदैन नै साथै स्रोतव्यक्ति र अन्य निकायका व्यक्तिबाट पनि न्यून नै देखिन्छ । यतिले मात्र सिकाइइमा सुधार ल्याउन पर्याप्त छैन । तसर्थ निरन्तर रुपमा र पर्याप्त मात्रामा निरीक्षण तथा अनुगमन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

विद्यालय निरीक्षकको मुख्य उद्देश्य शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाई अपेक्षित उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउनु हो । प्रभावकारी निरीषण तथा आनुगमनले शिक्षक प्रशासक तथा निरीक्षक बीच आत्मीय सम्बन्ध र सहयोग कायम हुन्छ जसले गर्दा शिक्षकलाई परेका समस्याहरू अन्तर्क्रियाको माध्यमद्धारा छलफल गरी समाधन गर्न सकिन्छ भनी (अधिकारी ०६४) को शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणालीमा उल्लेख गरिएको छ ।

त्यस्तै एफ.डब्लु.टेलरको सिद्धान्तले समाजलाई वैज्ञानिक रुपबाट अगाडी बढाउन शिक्षलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्नुपर्छ । शिक्षकलाई काम सिकाउने, प्रशासक र शिक्षक बीच आत्मीय सम्बन्ध सहयोग र समाञ्जस्य कायम गरेर कामप्रति प्रेरणा जगाएर शिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । जसले गर्दा उच्च सिकाई उपलब्धिमा सहयोग पुग्दछ भनेको छ । वास्तवमा भन्ने हो भने निरीक्षक तथ अनुगमन मर्ताले दिएका निर्देशन तथा सुझावहरूले शिक्षकहरूमा हौसला मिल्छ कामप्रति प्रेरणा जाग्दछ । यसले शिक्षण सिकाई कार्यलाई प्रभावकारी, वैज्ञानिक एवं व्यवस्थित बनाउछ र उच्च सिकाई उपलब्धि प्राप्तिमा सहयोग पुऱ्याउछ । तसर्थ एफ.डब्लु. टेलरको सिद्धान्त सिकाई उपलब्धि स्तर बृद्धि गर्न यहाँ सान्दर्भिक देखिन्छ ।

४.२.४. तालिम

विद्यार्थीहरूको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरू मध्ये शिक्षकको तालिम पनि एक हो महत्वपूर्ण पक्ष हो । शिक्षालाई बढी गुणस्तरीय बनाउन तालिमको आवश्यकता पर्दछ । शैक्षिक गुणस्तर उकास्न शिक्षक तालिमको व्यवस्था द्धारा कक्षाकोठा भित्र गरिएकोशिक्षण सिकाई

क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ । त्यसै गरी बालमैत्री तथा बालकेन्द्रित शिक्षणसिकाई क्रियाकलाप जोडिएर पठनपाठन गराँउदा पनि विद्यार्थीहरूको उपलब्धि स्तरलाई माथि उकास्न सहयोग पुग्छ । जसका लागि तालिमको आवश्यकता पर्दछ । शिक्षकलाई तालिम प्राप्त बनाउनका लागि सरकारले ठूलो धनराशि खर्च गरी लामो र छोटो अवधिका विभिन्न प्रकारका तालिम दिदै आएको छ । शिक्षा ऐन अनुसार प्राथमिक विद्यालयको शिक्षकको लागि माध्यमिक उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा चार सय पूर्णाङ्ककको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको, निम्न माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको र माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको हुनुपर्दछ । अधिकांश शिक्षकहरू तलिम प्राप्त रहेको अवस्था छ तापनि शैक्षिक उपलब्धि स्तर खस्कदो क्रममा छ । यसै सन्दर्भमा अध्यापनमा संलग्न विद्यालयहरूमा अध्यापनरत शिक्षकहरूको तालिमको स्थिति थाहा पाउनका लागि पूर्ण तालिम प्राप्त आंशिक तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको अवस्थामा विभाजन गरी शिक्षाको पेशागत विकासको आधारमा प्राप्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.६

शिक्षक तालिमको विवरण

क्र.सं.	विवरण	संख्या	प्रतिशत
१.	पूर्ण तालिम प्राप्त शिक्षक	३०	६०%
२.	आंशिक तालिम प्राप्त शिक्षक	१६	३२%
३.	तलिम अप्राप्त शिक्षक	४	८%
	जम्मा	५०	१००%

स्रोत :- विद्यालयको अभिलेख २०६९

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययनमा संलग्न विद्यालयहरू प्राथमिक तहका शिक्षक दरबन्दी जम्मा ५० जना रहेकोमा पूर्ण तालिम प्राप्त शिक्षक ३० रहेको देखिन्छ । जुन जनसंख्या कूल शिक्षक संख्याको ६०% रहेको छ भने आंशिक तालिम प्राप्त शिक्षक १६ जना (३२%) रहेको तालिम अप्राप्त शिक्षक संख्या जम्मा ४ जना (८%) रहेको देखिन्छ । पूर्ण तालिम प्राप्त शिक्षकको तुलनामा आंशिक तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक संख्या न्यून रहेको छ । माथि उल्लेखित

८% शिक्षकहरू पनि सबै तालिम प्राप्त भएको तर शिक्षकको पेशागत तालिम (TPD) लाई आधार मान्दा तालिम अप्राप्त देखिएको । व्यवस्थापकले अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गरिनुपर्दछ, कामदारको कार्यशैलीलाई वैज्ञानिक बनाउनु पर्छ, कामदारलाई तालिम दिनु पर्दछ र दक्षतापूर्वक काम सिकाउनु पर्छ भन्ने एफ.डब्लु. टेलरको सिद्धान्त यहाँ लागू भएको छ ।

४.२.५ शैक्षिक सामग्री

शिक्षण कार्यमा प्रयोग गरिएको आवश्यक सामग्री नै शैक्षिक सामग्री हो । शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउन शिक्षकले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरेमा विद्यार्थीको सिकाई दिगो हुन्छ । प्राथमिक स्तरमा विद्यार्थीहरूलाई नयाँ विषयवस्तुको धारणा, तथ्य र सीप अमूर्त हुने भएकोले ठोस अर्धठोस सामग्रीहरूको प्रयोगद्धारा तिनीहरूलाई प्रभावकारी तथा अर्थपूर्ण तरिकाले शिक्षण गर्न सकिन्छ । शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरूको सिकाई प्रति उत्सुकता र रुचि बढ्छ । तसर्थ शैक्षिक सामग्रीलाई विद्यार्थीको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वको रुपमा लिइन्छ तर प्राय जसो विद्यालयहरूमा शैक्षिक सामग्रीको प्रयोग न्यून मात्रामा हुने गरेको पाइन्छ । प्राय विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्त मात्रामा उपलब्ध छैनन यदि भएमापनि प्रयोगमा ल्याउने नगरेको अवस्था छ । परिणाम स्वरुप सिकाई उपलब्धिमूलक हुन सक्दैन । अध्ययनको लागि छनौट गरिएका विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धता एवम् प्रयोग सम्बन्धमा जानकारी लिन प्र.अ., शिक्षक, वि.व्य.स.लाई दिइएका प्रश्नावलीका आधारमा प्राप्त विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.७

शैक्षिक सामग्रीको उपलब्धता एवं प्रयोगको अवस्था

क्र.सं.	प्रयोगको अवस्था	प्र.अ.		शिक्षक		वि.व्य.स.	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
1.	सधै प्रयोग हुने	१	११.११%	१	११.११%	–	–
2.	कहिले काहीं प्रयोग हुने	७	७७.७८%	६	६६.६७%	७	७७.७८%
3.	मूस्किलले प्रयोग हुन्छ	१	११.११%	२	२२.२२%	२	२२.२२%
4.	कहिल्यै हुदैन	–	–	–	–	–	–

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६९

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययनमा संलग्न विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग कहिल्यै पनि हुदैन भन्ने कुनैपनि विद्यालयको सहमत भएको पाइएन भने सधै प्रयोग हुनेमा प्र.अ.ले र शिक्षकले ११.११% भएको अवस्था रह्यो । त्यस्तै कहिले काहीँ शैक्षिक सामग्रीको प्रयोग हुनेमा प्र.अ.ले ७७.७८%, शिक्षकले ६६.६७% र ७७.७८% वि.व्य.स. अध्यक्षले बताएका छन् । यसबाट के प्रष्ट हुन्छ भने शैक्षिक सामग्री सधै प्रयोग हुने विद्यालयको संख्या एकदम न्यून रहेको अवस्था छ । यस्तो अवस्था विद्यालयमा हुनु भनेको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन नसक्नु एवं दिगो सिकाई हुन नसक्नु हो । यसले विद्यार्थीको सिकाई उपलब्धिमा समेत प्रभाव पार्दछ । शैक्षिक सामग्रीको सवालमा अधिकांश विद्यालयका प्र.अ. शिक्षक तथा वि.व्य.स. अध्यक्षले पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू विद्यालयमा उपलब्ध गराउन नसकिएको प्रतिक्रिया दिने गरेको पाइन्छ त्यस्तै विद्यालयमा प्रयोग गरिएकोशैक्षिक सामग्रीहरू मध्ये कस्ता किसिमका शैक्षिक सामग्रीको प्रयोग बढी हुन्छ भन्ने सवालमा अध्ययनमा संलग्न विद्यालयहरूका प्र.अ., शिक्षक तथा विद्यार्थीले (सरोकारवाला) दिएको प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.८

विद्यालयमा प्रयोग गरिएकोशैक्षिक सामग्री विवरण

क्र.सं.	शैक्षिक सामग्रीको किसिम	प्र.अ.		शिक्षक		वि.व्य.स.	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	स्थानिय स्तरमा पाइने शैक्षिक सामग्री	५	५५.५६%	६	६६.६७%	८	४४.४४ %
२.	शिक्षक/विद्यार्थी निर्मित सामग्री	३	३३.३३%	३	३३.३३%	६	३३.३३%
३.	बजारबाट खरिद गरिएका सामग्रीहरू	१	११.११%	-	-	४	२२.२२%

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६९

माथीको तालिकालाई विश्लेषण गर्दा स्थानिय स्तरमा पाइने शैक्षिक सामग्रीको प्रयोगमा प्र.अ.ले ५५.५६ प्रतिशत, शिक्षकले ६६.६७ प्रतिशतले र विद्यार्थीले ४४.४४ प्रतिशत गर्ने गरेको बताएका छन् । शिक्षक/विद्यार्थी निर्मित सामग्रीको प्रयोगमा प्र.अ.ले ३३.३३ प्रतिशत, शिक्षकले ३३.३३ प्रतिशत र विद्यार्थीले पनि ३३.३३ प्रतिशत नै रहेको बताएका छन् । त्यस्तै बजारबाट खरिद गरिएका सामग्रीहरूको प्रयोग प्र.अ.ले ११.११ प्रतिशत र विद्यार्थीले २२.२२ रहेका छन् । कुनैपनि शिक्षकले बजारबाट खरिद गरिएका सामग्रीको प्रयोग नभएको बताएका छन् । उक्त तालिका अनुसार विद्यालयमा प्रयोगमा ल्याउने गरेका विभिन्न किसिमका शैक्षिक सामग्रीहरू मध्ये स्थानिय

स्तरमा पाइने सामग्रीहरू बढी मात्रामा प्रयोगमा ल्याउने गरेको पाइयो भने शिक्षक तथा विद्यार्थीद्धारा शैक्षिक सामग्री प्रयोग गर्ने गरेको अवस्थालाई पनि यस तथ्याङ्कले दोस्रो स्थानमा देखाएको छ । त्यस्तै यस तालिकाले बजारबाट खरिद गरिएका सामग्रीलाई बढी प्रयोग गर्ने विद्यालयको संख्या न्यून रहेको देखाएको छ । सिकाई उपलब्धि राम्रो नहुनुमा शैक्षिक सामग्रीको उचित व्यवस्थापन र प्रयोग हुन नसक्नु हो । तसर्थ शैक्षिक स्तर उकास्नलाई पर्याप्त मात्रमा शैक्षिक सामग्रीको व्यवस्थापन गर्नुपर्दछ । शिक्षा विभाग द्धारा गरिएको अध्ययन प्रतिवेदनले देखाएको कक्षा उत्साही र रमाइलो बनाउन शिक्षण सामग्रीको पैयोग गर्नुपर्छ भनी उल्लेख गरेको छ । अधिकारी (२०६५) ले स्थानिय स्तरमा उपलब्ध हुने संकलित सामग्री तथा शिक्षक/विद्यार्थी निर्मित सामग्रीहरू शिक्षणका क्रममा निकै प्रभावकारी हुने उल्लेख गरिएको छ । जुन कुराले माथिको तालिकालाई पुष्टि गरेको छ । तसर्थ शैक्षिक सामग्रीको व्यवस्था गर्दा दैनिक व्यवहारमा उपयोग हुन सक्ने र स्थानिय मौलिकता झल्काउने जस्ता पक्षमा ध्यान दिनुपर्छ । यस्ता सामग्रीको प्रयोगबाट कम खर्चमा चलाउनु पर्ने विद्यालयहरूमा पनि आकर्षक शैक्षिक सामग्रीको निर्माण गर्न प्रयोग गर्न सकिन्छ ।

४.२.६ भौतिक अवस्था

यस अध्ययनको उद्देश्य प्राथमिक तहका विद्यार्थीहरूको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको पहिचान गरी अनुकूल वातावरण उपलब्ध गराउन सहयोग पुऱ्याउनु हो । जबसम्म विद्यार्थीहरूले अनुकूल वातावरण पाँउदैनन् तवसम्म राम्ररी सिक्न सक्दैनन र सिकाई उपलब्धिमूलक हुनसक्दैनन् । तसर्थ विद्यालयको वातावरण अनुकूल बनाउन भौतिक साधन स्रोत पर्याप्त मात्रामा हुन आवश्यक हुन्छ । यसै सन्दर्भमा अध्ययनमा संलग्न विद्यालयको भौतिक स्थिति सम्बन्धी प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

अध्ययनमा संलग्न विद्यालयको भौतिक विवरण

क्र.सं.	विवरण	पर्याप्त		ठिकै		अभाव	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	भवन/कक्षाकोठा	५	५५.५६	४	४४.४४	–	–
२.	फर्निचर	४	४४.४४	५	५५.५६	–	–
३.	शैचालय	५	५५.५६	३	३३.३३	१	११.११
४.	खानेपानी	२	२२.२२	५	५५.५६	२	२२.२२
५.	खेलमैदान	५	५५.५६	३	३३.३३	१	११.११
६.	खेलकूद सामग्री	३	३३.३३	४	४४.४४	२	२२.२२
७.	पुस्तकालय	–	–	३	३३.३३	६	६६.६७

८.	घेराबारा	३	३३.३३	४	४४.४४	२	२२.२२
९.	कम्प्युटर	–	–	३	३३.३३	६	६६.६७

स्रोत : स्थलगत सर्वेक्षण २०६९

माथिको तालिकालाई विश्लेषण अध्ययनमा संलग्न भएका विद्यालयहरूको भौतिक पक्ष अन्तर्गत भवन, कक्षाकोठा पर्याप्त भएका विद्यालयहरू ५ वटा (५५.५६%) भएको पाइयो भने ४ वटा (४४.४४%) विद्यालयको भवन/कक्षाकोठाको अवस्था ठिकै रहेको अवस्था पाइयो ।

फर्निचर पर्याप्त मात्रामा उपलब्ध भएका विद्यालयहरू ४ वटा (४४.४४%) र फर्निचरको ठिकै अवस्थामा रहेको ५ वटा (५५.५६%) विद्यालयहरू रहेको पाइयो भने अभाव नै भएका विद्यालयहरू भने पाइएन । त्यस्तै अध्ययन गरिएका ९ वटा विद्यालयहरू मध्ये पर्याप्त शौचालयको व्यवस्था भएका ५ वटा (५५.५६%) विद्यालयहरू रहेको पाइयो भने ३ वटा (३३.३३%) विद्यालयको ठीकै र १ वटा (११.११%) विद्यालयमा शौचालयको अभाव रहेको पाइयो ।

अध्ययन गरिएका विद्यालयहरू मध्ये २ वटा (२२.२२%) विद्यालयहरूमा पर्याप्त मात्रामा खानेपानीको व्यवस्था भएको पाइयो भने ५ वटा (५५.५६%) विद्यालयहरूमा सामन्य वा ठीकै सुविधा भएको र २ वटा (२२.२२%) विद्यालयमा खानेपानीको अभाव भएको देखियो । त्यसैगरी खेलमैदानको पर्याप्त सुविधा भएको विद्यालयहरू ५ वटा (५५.५६%) रहेको देखिएको छ भने ठीकै (सामन्य) अवस्थामा रहेको ३ वटा (३३.३३%) रहेको र १ वटा (११.११%) विद्यालयमा खेल मैदानको सुविधाको अभाव रहेको देखियो ।

खेलकुद सामग्रीको सुविधा तर्फ ३ वटा (३३.३३%) विद्यालयमा पर्याप्त मात्रामा खेलकुद सामग्री रहेको पाइयो भने ४ वटा (४४.४४%) विद्यालयमा सामन्य (ठीकै) अवस्थामा रहेको र २ वटा (२२.२२%) विद्यालयमा खेलकुद सामग्रीको अभाव रहेको पाइयो । पुस्तकालयको सन्दर्भमा हेर्दा अध्ययन गरिएका विद्यालयहरू कुनैमा पनि पर्याप्त मात्रामा सुविधा भएको पाइएन त्यसै गरी पुस्तकालयको सामन्य सुविधा रहेका ३ वटा (३३.३३%) विद्यालयहरूमा पुस्तकालयको अभाव रहेको पाइयो ।

त्यस्तै ३ वटा (३३.३३%) विद्यालयले मात्र पूरा क्षेत्र घेराबारा गरेको पाइयो भने ४ वटा (४४.४४%) विद्यालयले आंशिक रुपमा र २ वटा (२२.२२%) विद्यालयको हाता घेराबारा नभएको पाइयो । त्यस्तै अध्ययन गरिएका विद्यालयहरू कुनैमा पनि पर्याप्त मात्रामा कम्प्युटरको व्यवस्था भएको पाइएन भने सामान्य सुविधा भएका विद्यालयहरू ३ वटा (३३.३३%) रहेको पाइयो भने ६ वटा (६६.६७%) विद्यालयमा कम्प्युटरको अभाव रहेको पाइयो ।

अध्ययनमा संलग्न विद्यालयहरूमा पर्याप्त मात्रामा भौतिक सुविधा नभएको देखिन्छ तर नयाँ कक्षाकोठा, फर्निचर तथा शौचालय बनाउने र खानेपानी, कम्प्युटरको व्यवस्था पनि गर्ने योजना रहेको बताएका छन् । विद्यालयको शैक्षिक स्तर बृद्धि गर्नको लागि विद्यालयहरू भौतिक सुविधा सम्पन्न हुन अति आवश्यक छ । जसले गर्दा शिक्षण सिकाई कार्यलाई सरल र सहज साथै बाह्य आकर्षण बनाई उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउछ । शिक्षा, २०६४ (पाठ्यक्रम विकास केन्द्र) ले विद्यार्थीको शैक्षिक स्तर बृद्धि गर्नको लागि विद्यालयहर भौतिक सुविधा सम्पन्न हुनु आवश्यक छ भनी उल्लेख गरेको छ । यही कुरा यहाँ सान्दर्भिक देखिन्छ किनकी विद्यालयको भौतिक पक्ष पर्याप्त मात्रामा उपलब्ध गराउन सके विद्यालयको शैक्षिक वातावरण अनुकूल हुन्छ र शैक्षिक स्तर बृद्धिमा सहयोग पुग्छ ।

४.२.७ विद्यार्थी मूल्याङ्कन

अधिकांश शिक्षकहरूले अन्तिम परीक्षा देखि बाहेक विद्यार्थीहरूको प्रगति विवरण मुल्याङ्कन गर्ने आधारभूत तरिकाको रुपमा एकाई परीक्षा, गृहकार्य र कक्षामा प्रश्नोत्तर मात्र प्रयोग गरेका छन् । उनीहरू संग विद्यार्थीको प्रगति मूल्याङ्कन गर्ने अरु साधन छैन । विद्यार्थीहरूको शिक्षामा सहभागिता र उनीहरूको सिकाईमा सुधार गर्ने उद्देश्यले देशभर निरन्तर मूल्याङ्कन प्रणली लागू गरेको छ । यो वि.सं.२०६५ सालमा कक्षा १ देखि लागू गरिएको छ र अहिले कक्षा ७ सम्म क्रमागत लागू भएको छ । यसको उद्देश्य एक वर्ष सम्म पढिसके पछि फेरि कक्षा दोहोऱ्याउनु नपर्ने गरी विद्यार्थीको सिकाईलाई सहज पार्नु हो । असफलको मान्यतालाई हटाउनु हो । विद्यालयमा निरन्तर मूल्याङ्कन पद्दतिलाई अउनाउन सकिरहेको अवस्था छैन ।

यसै सम्बन्धमा अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूमा विद्यार्थीहरूको सिकाई उपलब्धि स्थिति कस्तो छ ? भनी थाहा पाउनको लागि कति कति समयको अन्तरालमा विद्यार्थीहरूको पढाईको अवस्था र प्रगति बारे जानकारी लिने एवं विद्यार्थीको शैक्षिक उपलब्धिलाई कति समयको अन्तरालमा विश्लेषण गर्ने गरेको छ भन्ने सवालमा प्र.अ., शिक्षक, अभिभावकलाई भराइएको प्रश्नावलीको आधारमा प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१०

मूल्याङ्कन सम्बन्धी विवरण

क्र.सं.	विवरण	विद्यालय संख्या	प्रतिशत
१.	एकैचोटी वार्षिक नतिजा प्रकाशन गर्ने समयमा	-	-
२.	विद्यालयले लिने प्रत्येक परीक्षा (त्रैमासिक, अर्धवार्षिक, वार्षिक) पश्चात	७	७७.७८
३.	प्रत्येक महिना १ पटक	१	११.११
४.	६/६ महिनामा	१	११.११

स्रोत : स्थलगत अध्ययन २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा सबैभन्दा बढी ७७.७८ प्रतिशत विद्यालयले विद्यार्थीको स्तर कस्तो छ भनी प्रत्येक परीक्षा पश्चात विश्लेषण गर्ने गरेको बताएका छन भने एकैचोटी वार्षिक परीक्षा पश्चात नतिजा प्रकाशन गर्ने समयमा मात्र विद्यार्थीको सिकाई उपलब्धिलाई गरेर हेर्ने नरहेको पाइयो । त्यस्तै प्रत्येक महिनामा ६/६ महिनामा जानकारी लिने विद्यालयहरू दुवैको ११.११ प्रतिशत रहेको देखिन्छ ।

उपरोक्त तालिका अनुसार ६/६ महिनामा गरिएकोमूल्याङ्कनलाई ११.११ प्रतिशत विद्यालयले मात्र अपनाएको पाइयो भने अधिकांश विद्यालयले प्रत्येक परीक्षा पश्चात विद्यार्थीको मूल्याङ्कनलाई विश्लेषण गरी आवश्यक पृष्ठपोषण दिएमा विद्यार्थीलाई हौसाला दिएमा सिकाई प्रति अभ्यास्त हुन्छन र सिकाई उपलब्धि बृद्धिमा सहयोग पुग्दछ । त्यसकारण सामान्य परिणामको आँकलन गरी प्रतिक्रिया अनुसार पुनर्वल प्रदान गर्दै रहनु पर्छ भन्ने बी.एफ. स्किनरको क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाई सिद्धान्त यहाँ लागू हुने देखिन्छ ।

४.२.८ आचारसंहिता

सिकाईका लागि कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । अनुकूल वातावरणमा मात्र विद्यार्थीले राम्ररी सिक्न सक्दछ र शैक्षिक उपलब्धिमा बृद्धि भएर जान्छ । त्यसैले विद्यालयको शैक्षिक वातावरणलाई खल्बल्याउन नदिन स्वच्छ शैक्षिक वातावरण कायम राख्नका लागि विद्यालयमा आचारसंहिता लागू गर्नुपर्दछ । यदि शिक्षक विद्यार्थी अनुशासित छन् भने अनुशासित विद्यार्थी भएको कक्षाकोठा सिकाई वातावरण पनि अनुकूल बन्छ र शिक्षण सिकाई सहज हुन्छ । जसले गर्दा विद्यालयको शैक्षिक स्तरमा बृद्धि भएर जान्छ । तसर्थ विद्यालयमा शैक्षिक वातावरण अनुकूल बनाउन शिक्षक तथा विद्यार्थीलाई नियमित गराउन, शिक्षक विद्यार्थी सबैलाई आफ्नो कर्तव्य र

जिम्मेवारी प्रति वफादार रहन आचारसंहिता निर्माण गरी कार्यान्यवन गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा उत्तरदाता बाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.११

आचारसंहिता निर्माण एवं कार्यान्यवनको स्थिति

क्र.सं.	विवरण	प्र.अ.		शिक्षक		वि.व्य.स.		औसत	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	आचारसंहिता निर्माण गरी कार्यान्यवनमा ल्याएको छ	७	७७.७८	७	७७.७८	६	६६.६७	२०	७४.०७
२.	यसको आवश्यकता महशुस गरिएको छैन	–	–	–	–	–	–	–	–
३.	आचारसंहिता निर्माण गरिएको तर कार्यान्वयन नभएको अवस्था छ ।	–	–	१	११.११	१	११.११	२	११.११
४.	अब निर्माण गरी कार्यान्वयन गर्नुपर्ला	२	२२.२२	१	११.११	२	२२.२२	५	१८.५२

स्रोत : स्थलगत अध्ययन २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा औसत ७४.०७ प्रतिशत प्र.अ. शिक्षक र वि.व्य.स. अध्यक्षहरूले विद्यालयमा आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने गरेको बताएका छन् । भने औसत ११.११ प्रतिशत प्र.अ., शिक्षक तथा वि.व्य.स. अध्यक्षहरूले आचारसंहिता निर्माण गरेको तर नभएको अवस्था रहेको बताएका छन् । त्यस्तै १८.५२ प्रतिशत प्र.अ., शिक्षक तथा वि.व्य.स. अध्यक्षहरूले अब आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने सोचमा रहेको बताएका गर्ने सोचमा रहेको बताएका छन् । भने आचारसंहिताको आवश्यकता महशुस नगरिएको भन्नेमा कुनै पनि मत रहेको पाइएन ।

उपरोक्त तालिकामा उल्लेख भए अनुसार अधिकांश विद्यालयहरूमा आचारसंहिता लागू गरेको पाइयो भने आचारसंहिता लागू नगर्ने विद्यालयहरूले पनि अब आचारसंहिता लागू गर्ने बताएका छन् । त्यसैगरी सबै विद्यालयले आचारसंहिता विद्यालयमा आवश्यक छ भन्ने कुरामा जोड दिएको पाइएको छ । आचारसंहिताले प्रशासक, शिक्षक, विद्यार्थी तथा कर्मचारीलाई अनुशासित र व्यवस्थित बनाउछ । व्यवस्थापक, शिक्षक तथा कर्मचारी बीच आपसी सहयोग, सम्बन्ध र सामञ्जस्यता कायम गरेर काम प्रति प्रेरणा जगाएर शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउछ । जसले सिकाई उपलब्धिमा सहयोग पुग्दछ । त्यसकारण एफ.डब्लु. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त यहाँ सान्दर्भिक देखिन्छ ।

४.२.९ गृहकार्य

शिक्षणलाई प्रभावकारी बनाउन गृहकार्य दिनु अति आवश्यक मानिन्छ । यसले सिकाई उपलब्धिमा प्रभाव पार्दछ । गृहकार्यले विद्यार्थीहरूमा पढ्ने र लेख्ने बानीको विकास गराँउछ । शिक्षकले पढाएको विषयवस्तुलाई दिगोरुपमा विद्यार्थीहरूमा ग्रहण गराउनमा गृहकार्यलाई अति उपयोगी मानिन्छ । तसर्थ शिक्षकले शिक्षण गरिसके पश्चात प्रत्येक दिन गृहकार्य दिनु पर्ने हुन्छ । यसै सन्दर्भमा अध्ययनमा संलग्न विद्यालयमा गृहकार्यको स्थिति पत्ता लगाउन प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकबाट प्राप्त प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१२

गृहकार्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	प्र.अ.		शिक्षक		वि.व्य.स.		अभिभावक		औसत	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	गृहकार्य दिने गरेको छ	९	१००	९	१००	१८	१००	९	१००	४५	१००
२.	गृहकार्य जाँच्ने गरेको छ	६	६६.६७	३	३३.३३	९	५०	५	५५.५६	२३	५१.३९
३.	गृहकार्य जाँच्ने गरेको छैन	-	-	-	-	२	११.११	१	११.११	३	६.६७
४.	गृहकार्य जाँच्ने र पृष्ठपोषण दिने गरेको छ	४	४४.४४	६	६६.६७	७	३८.८९	३	३३.३३	१०	४५.८३
५.	गृहकार्य नै दिने गरेको छैन	-	-	-	-	-	-	-	-	-	-

स्रोत : स्थलगत अध्ययन २०७०

उपरोक्त तालिकालाई विश्लेषण गर्दा शतप्रतिशत प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकले गृहकार्य दिने गरेको बताएका छन् । त्यस्तै गरी औसत ५१.३९ प्रतिशत प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकले दिएको गृहकार्य जाँच्ने गरेको बताएका छन । औसत ६.६७ प्रतिशत विद्यार्थी र अभिभावकले दिएको गृहकार्य दिएर नजाँचेको देखाएको छ भने यसैमा प्र.अ. र शिक्षकको कुनै पनि मत नरहेको पाइयो । त्यस्तै गृहकार्य जाँच्ने र पृष्ठपोषण दिने गरेको छ भन्नेमा औसत ४५.८३ प्रतिशत मत रहेको छ । जसमा प्र.अ.को ४४.४४ प्रतिशत शिक्षको ६६.६७ प्रतिशत विद्यार्थीको ३८.८९ प्रतिशत र ३३.३३ प्रतिशत अभिभावकको मत रहेको छ ।

उपरोक्त तालिकामा भए अनुसार सबै विद्यालयहरूले गृहकार्य दिने गरेको पाइयो । गृहकार्य दिने, जाँच्ने र पृष्ठपोषण दिने कुरामा सबैभन्दा बढी मत रहेको पाइएको छ । सिकारुलाई पुनर्वलको प्रयोग गरी कार्यमा अभ्यस्त बनाउन सकिन्छ । सिकारुको व्यवहारलाई चाहे अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । ठीक समयमा पुनर्वल प्रयोग गर्न नसक्दा त्यसको असर नकरात्मक पनि हुन सक्छ भन्ने बी.एफ. स्कीनरको भनाई यहाँ लागू हुने देखिन्छ किनकी गृहकार्य जाँच गरी विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिने गृहकार्य गर्न प्रेरित गर्ने र नियमित गृहकार्य गर्ने विद्यार्थीलाई हौसला दिनुका साथै बेलाबेलामा पुरस्कृत गर्ने हो भने यसले गृहकार्यलाई नियमित गराउछ, अभ्यास गर्ने बानीको विकास गराउछ, पढाई र लेखाई प्रति अभिरुचि पैदा गराउछ जसले गर्दा सिकाई दिगो हुनुका साथै शैक्षिक उपलब्धि बृद्धि गराउन यसले सहयोग गर्दछ ।

४.२.१० पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोग

पाठ्यक्रम शिक्षण सिकाई कार्यलाई मार्ग निर्देशन गर्नका लागि राष्ट्रियस्तरमा निर्मित मूल दस्तावेज हो । यही पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तु शिक्षण गर्नका लागि सहयोग पुऱ्याउन शिक्षक निर्देशिका तयार पारिएको हुन्छ । पाठ्यक्रम र शिक्षक निर्देशिका शिक्षकका लागि तयार गरिएको हुन्छ भने पाठ्यपुस्तक विद्यार्थीका लागि तयार पारिएको सामाग्री हो । यी तीनैवटा सामाग्री शिक्षणका लागि अनिवार्य हुन् । यी तीनवटा सामाग्रीहरूलाई उचित प्रयोग गर्न सकेमा शिक्षण सिकाई निश्चित रुपमा प्रभावकारी हुन्छ । त्यसैले यी सामाग्रीहरूलाई विद्यालयमा समय मै उपलब्ध गराई तिनीहरूको उचित प्रयोग गर्नुपर्छ । वास्तवमा भन्ने हो भने पाठ्यक्रम र शिक्षक निर्देशिका यति महत्वपूर्ण हुदाहुदै पनि विद्यालयमा कमै मात्रामा प्रयोग हुने गरेको पाइन्छ । कतिपय विद्यालयहरूमा त उपलब्ध नै भएको छैन ।

पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगको अवस्था कस्तो रहेको छ ? भन्ने सन्दर्भमा निम्न अनुसारको उपशीर्षकहरू राखी सोको ब्याख्या र विश्लेषण गरिएको छ ।

पाठ्यक्रमको उपलब्धता एवम् प्रयोग

पठ्यक्रम सिकाईको मूल आधार हो । यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलापहरू संचालन गरिन्छ । राष्ट्रको शिक्षा नीति र शिक्षण सिकाइ प्रक्रियाको मूल आधार नै पाठ्यक्रम हो । शिक्षण सिकाइमा यसको उपलब्धता एवम् प्रयोग अनिवार्य छ । यसै सन्दर्भमा सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षकहरूलाई दिइएका प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१३

पाठ्यक्रमको उपलब्धता एवम् प्रयोगको स्थिति

क्र.सं.	विवरण	प्र.अ.		शिक्षक		औसत	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	पाठ्यक्रमको आधारमा शिक्षण गर्ने गरेको	५	५५.५६	६	६६.६७	४११	६१.११
२.	कमै प्रयोग हुने गरेको छ	२	२२.२२	२	२२.२२	४	२२.२२
३.	विद्यालयमा उपलब्ध छैन अव किनेर ल्याउनु पर्ला	१	११.११	१	११.११	२	११.११
४.	पाठ्यक्रम ल्याएको त हो तर अहिले कता पऱ्यो	–	–	१	११.११	१	५.५६

स्रोत : स्थलगत सर्वेक्षण २०७१

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूमा पाठ्यक्रमको आधारमा शिक्षण गर्ने गरेकोमा प्र.अ.ले ५५.५६ प्रतिशत र शिक्षकले ६६.६७ प्रतिशत प्रयोग गर्ने गरेको पाइयो । औसतमा ६१.११ प्रतिशत रहेको छ । त्यस्तै पाठ्यक्रमको प्रयोग कमै हुन्छ मा प्र.अ. र शिक्षकको मत बराबर २२.२२ प्रतिशत र औसतमा २२.२२ प्रतिशत नै रहेको छ भने विद्यालयमा उपलब्ध छैन अव किनेर ल्याउनु पर्छ मा पनि प्र.अ. र शिक्षकहरूको मत बराबर ११.११ प्रतिशत रहेको र औसत पनि ११.११ प्रतिशत नै रहेको छ । र पाठ्यक्रम ल्याएको त हो तर अहिले कता पऱ्यो मा प्र.अ. को सहमत देखिएन भने शिक्षकको ११.११ प्रतिशत सहमत र औसत मा ५.५६ प्रतिशत रहेको छ ।

यसबाट प्रष्ट हुन्छ कि पाठेयक्रमको प्रयोग विद्यालयमा बढी मात्रामा हुने गरेको छ र यसको महत्व छ भन्नु राम्रो अवस्था देखिन्छ किनकी पाठेयक्रम शिक्षण सिकाइको मूल आधार हो । यसैको आधारमा पाठ्यपुस्तक तयार पार्ने शिक्षण सिकाइ क्रियाकलाप निर्धारण र संचालन गर्ने विद्यार्थी मूल्याङ्कन आदि सबै शैक्षिक क्रियाकलाप संचालन गरिन्छ त्यसैले यसको प्रयोग गरिनु अनिवार्य मानिन्छ ।

शिक्षक निर्देशिकाको उपलब्धता एवं प्रयोग

शिक्षक निर्देशिका मूलत : शिक्षकलाई शिक्षण गर्न थप सहयोग पुऱ्याउने अभिप्रायले तयार पारिएको पाठ्यसामाग्री हो । यसले शिक्षकलाई कार्य गर्न सहयोग गर्दछ । यसले कुनैपनि विषयवस्तुको शिक्षण गर्दा कुन उद्देश्य निर्धारण गर्ने के कस्ता शैक्षिक सामाग्रीहरू प्रयोग गर्ने, कुन कुन क्रियाकलाप कसरी गर्ने भन्ने सम्बन्धमा शिक्षकलाई पूर्ण रुपमा सहयोग पुऱ्याउछ त्यसैले शिक्षकको लागि शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग अनिवार्य छ । यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१४

शिक्षक निर्देशिकाको उपलब्धता एवं प्रयोग

क्र.सं.	विवरण	प्र.अ.		शिक्षक		औसत	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	शिक्षक निर्देशिका पर्याप्त उपलब्ध रहेको र प्रयोगको अवस्था	६	६६.६७	६	६६.६७	१२	६६.६७
२.	एउटा वा दुइवटा मात्र विद्यालयमा उपलब्ध छन	२	२२.२२	२	२२.२२	४	२२.२२
३.	विद्यालयमा उपलब्ध छैन	१	११.११	१	११.११	२	११.११

स्रोत : स्थलगत सर्वेक्षण २०७०

उपरोक्त तालिका अनुसार अध्ययनमा संलग्न विद्यालयहरूमा औसत ६६.६७ प्रतिशत प्र.अ.तथा शिक्षकहरूले सबै विषयमा शिक्षक निर्देशिकाहरू विद्यालयमा उपलब्ध भएको र प्रयोगको अवस्थामा रहेको बताएका छन् । त्यस्तै औसत २२.२२ प्रतिशत प्र.अ. तथा शिक्षकले विद्यालयमा शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध भएको बताएका छन् । र औसत ११.११ प्रतिशत एउटा वा दुइवटा शिक्षक निर्देशिका उपलब्ध नभएको बताएका छन् । उक्त तालिकाले शिक्षक निर्देशिका पर्याप्त

उपलब्धता र प्रयोगका अवस्थामा रहेको देखाएको छ भने विद्यालयमा उपलब्ध छैन भन्ने अवस्था एकदम न्यून अवस्थामा रहेको देखाएको छ ।

वास्तवमा भन्ने हो भने शिक्षक निर्देशिका शिक्षकको सहयागी मित्र हो । यसले पाठ्यक्रमले निर्धारण गरेका सिकाई उपलब्धि पूरा गराउन के कस्तो क्रियाकलाप गराई शिक्षण गर्ने भन्ने दिशाबोध गराँउछ । त्यसैगरी वार्षिक कार्ययोजना, दैनिक पाठयोजना तयार पार्न र प्रभावकारी शिक्षण गरी विद्यार्थीको उपलब्धि स्तरमा सुधार ल्याउन सहयोग गर्दछ ।

४.२.११ छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोग

प्रथमिक तहमा विद्यार्थीहरूको भर्ना, पहुँच र सहभागिता अभिबृद्धि गराउन छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा रहेको छ । छात्रवृत्ति कार्यक्रममा सरकारले ठूलो धनराशि खर्च गर्दै आएको छ । प्राथमिक तहमा अध्ययनरत छात्राहरूलाई दलित, गरीब र पिछाडिएका वर्गका बालबालिकाहरूमा समेत विद्यालय प्रति आकर्षण बढेको छ । यसले विद्यार्थीहरूको भर्नादर, नियमितता, अनुशासन, खलकूद, सरसफाई आदिले पनि विद्यार्थीको सहभागिता बढ्नुको साथै सिकाईमा सुधार ल्याउछ । त्यसैगरी विद्यालय स्वागत कार्यक्रम गरेर पनि आफ्न बालबालिकालाई नियमित रुपमा विद्यालय पठाउन घरको पढाईमा सहयोग गर्न सल्लाह दिन आवश्यक हुन्छ । यस्ता कार्यक्रमले विद्यार्थीको सिकाइमा सुधार ल्याउन मद्दत गर्दछ । यस उत्तरदातालाई गराइएका प्रश्नका आधारमा प्राप्त जानकारी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१५

छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोग पारेको प्रभावको स्थिति विवरण

क्र. सं.	विवरण	प्र.अ.		शिक्षक		वि.व्य.स. अध्यक्ष		अभिभावक		स्रोतव्यक्ति		औसत	
		संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
1.	छात्रवृत्ति पाउने विद्यार्थीहरूको सिकाइमा सुधार आएको	९	१००	९	१००	९	१००	७	७७.७८	१	१००	३५	९५
2.	छात्रवृत्तिले विद्यार्थीलाई विद्यालय तथा शिक्षाप्रति अकर्षित भएका	९	१००	९	१००	९	१००	९	१००	१	१००	३७	१००
3.	पुरस्कार पाउने विद्यार्थीको सिकाई उपलब्धिमा बृद्धि भएको	९	१००	८	८८.८९	८	८८.८९	८	८८.८९	१	१००	३४	९१.८९
4.	विद्यालय स्वागत कार्यक्रमले विद्यालय प्रति सकरात्मक धारणा र गुणस्तरीय शिक्षामा टेवा मिल्ने	४	४४.४४	४	४४.४४	४	४४.४४	४	४४.४४	१	१००	१७	४५.९५

स्रोत : स्थलगत सर्वेक्षण २०७०

माथिको तालिकालाई ब्याख्या विश्लेषण गर्दा औसत ९५ प्रतिशत उत्तरदाताले छात्रवृत्ति पाउने विद्यार्थीहरूको सिकाइमा सुधार आएको बताएका छन् भने सहभागी सबै (प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, अभिभावक, स्रोत व्यक्ति) ले छात्रवृत्तिले विद्यार्थीलाई विद्यालय तथा शिक्षाप्रति शत प्रतिशत आकर्षित भएको बताएका छन् । त्यस्तै ९१.८९ प्रतिशत उत्तरदाताले पुरस्कार वितरण गर्नाले विद्यार्थीहरूको सिकाई उपलब्धिमा बृद्धि भएको बताएका छन् । यसैगरी औसत ४५.९५ प्रतिशत उत्तरदाताले विद्यालय स्वागत कार्यक्रमबाट सरोकारवाला सबैमा विद्यालय प्रति सकरात्मक धारणाको विकास ल्याउनुका साथै गुणस्तरीय शिक्षामा सहयोग मिल्ने कुरा बताएका छन् । उक्त तालिका अनुसार छात्रवृत्ति, पुरस्कार, पोशाक वितरण जस्ता विविध कार्यक्रमले विद्यार्थी तथा अभिभावकहरूलाई विद्यालय र शिक्षा प्रति आकर्षित गराएको देखाएको छ । यस्ता कार्यक्रमले विद्यार्थीलाई हौसला प्रदान गर्ने कार्य गर्न उत्प्रेरित जागरुक गराँउछ । विद्यार्थीहरू पुरस्कार तथा अन्य केही सेवा सुविधा पाउने प्रलोभनमा नियमित रुपमा विद्यालयमा आउने, पढाइमा ध्यानदिने, पढ्ने बानीको विकास गर्ने जस्ता कार्यमा अभ्यस्त हुन्छन् । प्राथमिक तहका विद्यार्थीहरूलाई छात्रवृत्ति, पुरस्कार, पोशाक तथा अन्य सामाग्रीहरू पुनर्वलका रुपमा प्रदान गरेर विद्यालयमा नियमित गराउन, पढाइमा चाख बढाउने, पढ्ने बानीको विकास गराउनु पर्छ भन्ने बी.एफ.स्कीनरको भनाई पुष्टि भएको छ ।

४.३ सिकाई उपलब्धिमा देखिएका समस्याहरू

अनुसन्धानमा परेका विद्यालयहरुका शिक्षक र प्र.अ.हरुलाई दिइएको बन्द प्रश्नावलीहरुको आधारमा सबै विद्यार्थीहरु विद्यालयमा नियमितरुपमा विद्यालय नआएको बारेमा विभिन्न सरोकारवालाहरुको भनाइ भिन्न भिन्न रहेको छ । यस प्रसङ्गमा स्रोत व्यक्तिका अनुसार शिक्षण सिकाइ रमाइलो, बालमैत्री तथा विद्यार्थी केन्द्रित नभएर सिकाइ उपलब्धिमा समस्या आएको हो । अर्कातर्फ प्र.अ. तथा शिक्षकहरुका अनुसार विद्यार्थीहरुलाई विद्यालयमा नियमित रुपमा अभिभावकले आवश्यक सामग्री सामग्री सहित नपठाएकोमा यो समस्या आएको हो । वि.व्य.स. अध्यक्ष तथा अभिभावकहरुले विद्यार्थीहरुलाई नियन्त्रण गरेर पढाउनु पर्‍यो, अनुशासित भएनन्, गृहकार्य धेरै दिनु पर्‍यो भन्ने भनाइ पाइयो । जसले गर्दा विद्यार्थी घरमा पढ्न बाध्य हुन्छन् । सिकाइ उपलब्धिमा प्रभाव पार्ने माथिका भनाइहरु भएता पनि समग्रमा यसका समस्याहरु निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) सबै विद्यार्थीहरू नियमित रुपमा विद्यालयमा नआउनु

(२) बीचैमा कक्षा छाड्ने गर्नु

(३) विद्यालयमा सबै कक्षाका सम्पूर्ण विषयका शिक्षक निर्देशिकाहरू उपलब्ध नहुनु

(४) सबै विद्यालयहरूमा पाठ्यक्रम उपलब्ध नहुनु र उपलब्ध भएका विद्यालयले पनि कम मात्रामा प्रयोगमा ल्याउनु

(५) निरन्तर मूल्याङ्कन प्रणाली नअपनाउनु ।

(६) विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा अन्य निकायबाट पर्याप्त मात्रामा प्रभावकारी निरीक्षण तथा अनुगमन नगरिनु ।

(७) स्रोत साधनका अभावका कारण तालिममा सिकेका कुरालाई शिक्षण कार्यमा प्रयोग गर्न कठिनाई हुनु ।

(८) विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामाग्रीको उपलब्धता नहुनु साथै भएका शैक्षिक सामाग्रीलाई पनि कमै मात्रामा प्रयोग ल्याउनु ।

(९) केहि विद्यालयका सीमित मात्रामा शिक्षकहरूले मात्र दैनिक पाठयोजना निर्माण गरी प्रयोग गर्नु

(१०) न्यून आर्थिक अवस्था हुनु ।

(११) अधिकांश विद्यार्थीका अभिभावकहरूमा आमाको शैक्षिक स्थिति माजोर रहनु ।

(१२) घरमा पढ्ने वातावरण अनुकूल नहुन ।

(१३) अभिभावकहरूले आफ्ना बालबालिकाको पढाइका बारेमा विद्यालयबाट जानकारी लिन नचाहनु

(१४) घरमा आफ्ना बालबालिकाको पढाईमा निगरानी नराख्नु ।

(१५) अभिभावकले आफ्ना बालबालिकाको पढाईको स्तर कस्तो अवस्थामा छ भनी समय समयमा चासो नदिनु ।

(१६) शिक्षक विद्यार्थी अनुपात बढी हुनु ।

(१७) विद्यालयको पाठ्यक्रममा ऐच्छिक विषयको रुपमा राखेको भएता पनि धेरैजसो विद्यालयमा कम्प्युटर शिक्षक दक्ष र तालिम प्राप्त नभएका कारण राम्ररी पढाउन समस्या भएको छ ।

परिच्छेद : पाँच

प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्ला खण्डमा प्रस्तुत भएका विश्लेषण र प्राप्त भएका तथ्यहरूको आधारमा अध्ययनको मुख्य प्राप्ति, निष्कर्ष र सुझावलाई प्रस्तुत गरिएको छ । यस अध्ययनका लागि छनौट भएका विद्यालयका समग्र पक्षलाई केलाउँदा प्राप्त भएका तथ्यहरू र प्राथमिक तहका विद्यार्थीहरूको सिकाई उपलब्धिमा प्रभाव पार्ने विविध तत्वहरूका बारेमा प्राप्त भएका प्राप्तिलाई निम्नानुसार उल्लेख गरिएको छ ।

५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त भएका मूख्य प्राप्तिलाई निम्नानुसार उल्लेख गरिएको छ :

(१) यस अध्ययनका क्रममा संखुवासभा जिल्लाको माम्लिङ्ग स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूको प्राथमिक तहमा भर्ना भएका जम्मा विद्यार्थी १२३५ जना रहेको जसमा ६४० छात्रा र ५९५ छात्र रहेको पाइयो । बीचैमा कक्षा छाड्ने विद्यार्थी ८.९०% रहेको पाइयो । विद्यालयमा भर्ना भएर बीचैमा गरिबीको कारणले घरमा काम गनुपर्ने, भाइबैनी हेरेर बस्नुपर्ने, अर्काको घरमा कामदारको रुपमा बस्नुपर्ने आदि जस्ता कारणले बीचैमा कक्षा छाड्ने अवस्था आएको पाइयो । त्यस्तै अध्ययनमा संलग्न विद्यालयहरूमा परीक्षामा सम्मिलित जम्मा विद्यार्थी मध्ये ९२.३०% विद्यार्थीहरू उत्तिर्ण भएको र ७.७०% विद्यार्थीहरू अनुत्तीर्ण भएको पाइयो । प्राथमिक तहमा सबै विद्यार्थीहरूलाई उत्तीर्ण गराउनु पर्ने अर्थात उदार कक्षान्नति प्रणली अवलम्वन गर्नुपर्ने सरकारी नीति भएता पनि सो कुरा कम लागु भएको र निरन्तर मूल्याङ्कन प्रणालीलाई कमै कार्यान्वयनमा ल्याएको पाइएको छ ।

(२) यस अध्ययनमा संलग्न विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको सिकाई उपलब्धि सबैभन्दा बढी नेपाली विषयमा औसत ४५.७५ र सबैभन्दा कम गणित विषयमा ३८.६६ रहेको पाइयो । त्यस्तै विज्ञान विषयमा औसत सिकाई उपलब्धि ४५.७५, सामाजिक शिक्षामा ४५.४२ र अंग्रेजी विषयमा ४१.२८ रहेको पाइयो । यो क्षेत्रिय तहको २०६९ को औसत उपलब्धि भन्दा कम र संखुवासभा जिल्लाको २०६९ को औसत उपलब्धि ४५.१० रहेको र जसको तुलनामा भने यो उपलब्धि कम रहेको पाइयो ।

(३) अध्ययनमा संलग्न सबै विद्यालयहरूमा सिकाई उपलब्धि स्तर मध्यम रहेको पाइयो । शैक्षिक स्तर खस्कदै जानुमा शैक्षिक वातावरण राम्रो हुननसक्नु, निरन्तर रुपमा मूल्याङ्कन तथा अनुगमनको अभाव, सरोकारवाला सक्रिय नहुनु रहेको पाइयो भने शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न स्रोतकेन्द्र बाट वि.व्य.स. अध्यक्ष, प्र.अ. तथा शिक्षकहरूका कार्यशाला गोष्ठी तथा शिक्षकहरूको पेशागत विकास सम्बन्धी छोटो समयको तालिमहरू पनि संचालन हुने गरेको पाइयो । त्यस्तै सिकाई उपलब्धि बृद्धि गर्न सरोकारवालाहरू बीच अन्तर्क्रिया र छलफल गरी वास्तविक योजना बनाई कार्यान्वयन गरेर बालमैत्री शिक्षण सिकाई गरी विद्यार्थीहरूलाई नियमित बनाउन सक्नुपर्दछ भनी स्रोतव्यक्ति बाट सुझावहरू दिइएको पाइयो । शैक्षिक कुराहरू यर्थाथ र व्यवहारिक तरिकाले सरोकारवाला सबैले जिम्मेवारी पूर्वक काम गर्ने गरे र निरीक्षण अनुगमन प्रभावकारी बनाए शैक्षिक उपलब्धि बृद्धि हुनुका साथै राम्रो राम्रो विद्यालय बनाउन सकिन्छ भन्ने स्रोतव्यक्तिको प्रतिक्रिया रहेको पाइयो । त्यस्तै तालिममा सिकेका कुरालाई थोरै शिक्षकले मात्र शिक्षण कार्यमा प्रयोग गर्ने गरेको भन्ने स्रोतव्यक्ति को प्रतिक्रिया रहेको पाइयो ।

(४) अध्ययनमा संलग्न विद्यालयहरूमा भौतिक अवस्था केही विद्यालयमा पर्याप्त मात्रामा भएता पनि सबै मा पर्याप्त नभएको पाइयो । ती मध्ये केही विद्यालयमा सामान्य अवस्थामा रहेको र केहीमा अभाव रहेको पाइयो । अध्ययनमा संलग्न विद्यालयहरूमा दैनिक कार्य तालिका सबै विद्यालयले निर्माण गरी कार्यान्वयन गरेको पाइयो भने विद्यालय सुधार योजना सबैले निर्माण गरेको भएतापनि ७०% विद्यालयले मात्र कार्यान्वयन मा ल्याएको पाइयो । त्यस्तै वार्षिक कार्यतालिका तथा वार्षिक कार्ययोजना अधिकांश विद्यालयहरूले निर्माण गरी कार्यान्वयन गरेको पाइयो भने एकाई योजना १५% विद्यालयले मात्र निर्माण गरेको पाइयो । त्यस्तै दैनिक पाठयोजना निर्माण गरी शिक्षण गर्ने विद्यालयहरू ४५% रहेको पाइयो भने तयार नगर्नेमा ५०% विद्यालय रहेको पाइयो ।

(५) विद्यालय जम्मा खुलेको औसत २२२ दिन पढाई भएको औसत १८० दिन विद्यार्थीको औसत उपस्थिति १४० दिन रहेको पाइयो । प्रायः सबैजसो विद्यालयहरूमा शैक्षिक सामाग्री कमै मात्रामा प्रयोग गर्ने गरेको पाइयो । धेरै विद्यालयले प्रत्येक परीक्षा पश्चात विद्यार्थीको शैक्षिक उपलब्धिलाई विश्लेषण गर्ने गरेको पाइयो । विद्यालयमा आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउने विद्यालयहरू ७४.०७% रहेको पाइयो भने सबैले यसको

आवश्यकतालाई महसुस गरेको र आचारसंहिता निर्माण नगर्ने विद्यालयहरूले चाँडै निर्माण गरी कार्यान्वयनान ल्याउने तयारीमा रहेको पाइयो ।

(६) विद्यालयले शैक्षिक सत्रको सुरुमा नै पाठ्यपुस्तक विद्यालयमा उपलब्ध गराई विद्यार्थीलाई वितरण गरेको र यसलाई विद्यार्थी र शिक्षक दुबैले अत्याधिक रुपमा प्रयोग गर्ने गरेको पाइयो भने पाठ्यक्रम कम मात्रामा प्रयोग हुने गरेको र शिक्षक निर्देशिका सबै विद्यालयमा नै पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको कारण त्यसलाई प्रयोग गर्न नसकेको पाइयो । अध्ययनमा संलग्न सबै विद्यालयहरूको छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अपांग छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति बालबालिकालाई वितरण गर्ने गरेको पाइयो । यसका साथै विद्यार्थीहरूलाई पढाइका अतिरिक्त विभिन्न शैक्षिक कार्यक्रमका साथसाथै उत्कृष्ट छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्ने गरेको पाइयो । यसले विद्यार्थीहरूमा सकरात्मक प्रभाव पारेको देखिन्ट । विशेषतः गरिबीका कारण पढाईमा नियमितता दिन नसक्ने विद्यार्थीहरूमा यसले नियमितता बढाउनुका साथै सिकाइमा सुधार आएको पाइयो ।

(७) यस अध्ययनबाट अधिकांश अभिभावकहरू साक्षर रहेको पाइयो । साक्षर बाबुको संख्या बढी रहेको र निरक्षर आमाको संख्या बढी रहेको पाइयो । बच्चाको पढाईमा बाबुको सहयोगको अनुपातमा आमाको सहयोग कम रहेको पाइयो । अधिकांश कृषि पेशामा संलग्न अभिभावकहरू रहेको पाइयो भने अन्य पेशामा (व्यपार, जागिर) संलग्न अभिभावकका छोराछोरी, कम मात्रामा सामुदायिक विद्यालयमा आउने गरेको पाइयो । सबैजसो अभिभावकले आफ्ना बालबच्चाले सेवा सुविधा प्राप्त गर्न सकुन र उच्च शिक्षा प्राप्त गरुन भन्ने आकांक्ष राखेको पाइयो । तर अभिभावक आफ्ना छोराछोरीको पढाइको बारेमा विद्यालयमा गएर जानकारी गरेको भने खासै पाइएन ।

अध्ययनका लागि छनोट गरिएका क्रियाकलापमा स्रोतव्यक्ति, वि.नि. तथा अन्य पक्षबाट गरिएको निरीक्षण पर्याप्त नभएको पाइयो जसले गर्दा शिक्षण सिकाइमा सुधार ल्याउन पर्याप्त नहुने देखिन्छ ।

५.२ निष्कर्ष

यस अध्ययनको प्रगति र विश्लेषणका आधारमा निष्कर्षहरू निकाली निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको उदार कक्षान्नोती प्रणाली लागू गरिएको भएतापनि यसको सही वा उचित ठाउँमा प्रयोग गरिएको पाइदैन । त्यसकारण यसको सही

वा उचित मूल्याङ्कन गर्नु आवश्यक छ । प्राथमिक तहका विद्यार्थीले प्राप्त गरेका सिकाई उपलब्धि उत्साहजनक देखिदैन । सबैभन्दा कम गणित विषयमा र सबैभन्दा बढी सिकाई उपलब्धि नेपाली विषयमा रहेको छ । अभिभावकको पेसा एवं शिक्षा, विद्यार्थीको नियमिता, अनुभवी र तालिमप्राप्त शिक्षहरू, विद्यार्थीलाई दिइने आर्थिक सहयोग, अनुकूल बसाई व्यवस्था, शैक्षिकसामाग्री, प्र.अ. तथा स्रोतव्यक्ति गरिएकोकक्षा अवलोकनर पृष्ठपोषण, व्यवस्थापन समितिको सक्रियतामा शिक्षक अभिभावकबीच अन्तर्क्रिया, शैक्षिक सुधारका निम्ति गरिएकोबैठकहरू, सन्दर्भसामाग्री आदि तत्वहरू सिकाईलाई योगदान दिने तत्वहरू हुन् भन्ने यस अध्ययनको निष्कर्ष छ । विद्यालय निरीक्षणको मुख्य उद्देश्य शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाई अपेक्षित उद्देश्य पुरा गर्न सहयोग पुऱ्याउनु हो । प्रभावकारी निरीक्षण तथा अनुगमनले निरीक्षक, प्र.अ. तथा शिक्षक बीच आत्मीय सम्बन्ध र सहयोग कायम गरी शिक्षकलाई परेका समस्याहरू अन्तर्क्रियाको माध्यमद्धारा छलफल गरी समाधान गर्न सकिने र उच्च सिकाई उपलब्धि प्रप्तिमा सहयोग पुग्ने भएकाले पर्याप्त मात्रामा प्रभावकारी निरीक्षण तथा अनुगमन गर्नु उपयुक्त मानिन्छ ।

५.३ सुझावहरू

यस अध्ययनको प्राप्ति र निष्कर्षका आधारमा सम्बन्धित निकायलाई नीति र कार्यक्रममा सुधार ल्याउन तथा कार्यान्वयन गर्न यस अध्ययनले निम्नानुसारका सुझाव प्रस्तुत गरेको छ ।

५.३.१ नीतिगत तहका लागि सुझाव

- शैक्षिक सत्र सुरु हुन अगावै सबै तह र कक्षाका पाठ्यपुस्तकहरू आवश्यक परिमार्जन एवम् परिवर्तन गरी छपाइ कार्य सम्पन्न गर्नु पर्ने, जसले गर्दा विद्यालयले शैक्षिक सत्रको सुरुमा नै विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गर्न सकोस ।
- पाठ्यक्रम तथा सबै विषयका शिक्षक निर्देशिकाहरू समयमा नै पर्याप्त मात्रामा तयार गरी सबै विद्यालयमा उपलब्ध गराउनु पर्ने ।
- विद्यालयको भौतिक संरचना सुधारका लागि सरकारले थप आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने ।
- विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिको थप गरी पर्याप्त मात्रामा निरीक्षण तथा अनुगमन गर्न सक्ने गरी विद्यालय र निरीक्षक अनुपात साविक भन्दा कम कायम गनुपर्ने ।
- विद्यार्थीको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई सरकारले सम्बोधन गनुपर्छ ।

– स्रोतव्यक्ति तथ विद्यालय निरीक्षकले विद्यालयको नियमित सुपरीवेक्षण र अनुगमन गर्ने कार्य केन्द्रिय स्तरबाट व्यवस्थित गनुपर्छ ।

- विद्यालयलाई बन्द हड्तालमुक्त क्षेत्र बनाउनु पर्छ ।
- विद्यालयलाई राजनीतिक हस्तक्षेप हुन नदिने व्यवस्था गरिनुपर्छ ।
- विद्यालय बाहिर रहेका र नियमित विद्यालय नआउने विद्यार्थीलाई विद्यालयमा आउन आकर्षण हुनेगरी छात्रवृत्ति कार्यक्रममा थप संरचना गर्नुपर्ने ।

५.३.२ कार्यान्वयन तहका लागि सुझाव

- निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षान्नति प्रणालीलाई सबै विद्यालयले कार्यान्वयनमा ल्याउनु पर्ने
- शिक्षक तथा विद्यार्थीहरूलाई नियमित रुपमा विद्यालयमा उपस्थित हुन प्रोत्साहित गर्ने । अभिभावकहरूमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरेर विद्यार्थी सहभागिता र कक्षा उत्तीर्ण दर बृद्धि गर्नुपर्ने ।
- बीचैमा कक्षा छाड्ने दरलाई क मगर्नका लागि छात्रवृत्ति, पुरस्कार तथा अन्य सहयोग उपलब्ध गराउनुपर्ने ।
- विद्यालयमा कार्यरत सबै शिक्षकहरूलाई नियमित रुपमा विद्यार्थीहरूलाई गृहकार्य दिन, परीक्षण गर्न र आवश्यक पृष्ठपोषण दिन निर्देशन दिनुपर्ने ।
- पाठ्यक्रम तथा शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध गराई सो को प्रयोग गरिनुपर्ने ।
- समय समयमा शिक्षक, अभिभावक बीच अन्तरक्रिया कार्यक्रमहरू गर्नुपर्ने ।
- विद्यालय भवन, कक्षाकोठा, फर्निचर, घेराबारा आदि निर्माण तथा सम्भार सम्बन्धी आवश्यक पहल गर्नुपर्ने ।
- शिक्षकले तालिममा सिकेका प्रभावकारी शिक्षण विधि र तरिका शिक्षणमा प्रयोग गर्नुपर्ने ।
- केन्द्रीय तहले निर्धारण गरेका नीति तथा कार्यक्रमलाई विद्यालयमा चुस्त, दुरुस्त ढङ्गबाट कार्यान्वयनमा ल्याउनुपर्ने ।
- विद्यालयको शैक्षिक वातावरण अनुकूल बनाउनुपर्ने ।

५.३.३ भावी अनुसन्धानका लागि सुझाव

– विद्यार्थीको उपलब्धि र अभिभावक (आमा) शिक्षाबीच सम्बन्ध कस्तो हुन्छ ?

– शैक्षिक नीति र कार्यान्वयन पक्षबीचको सम्बन्ध कस्तो रहेको छ ?

– शिक्षामा राजनीतिकरण र सिकाइ उपलब्धिमा यसको प्रभाव

सन्दर्भसूची

अधिकारी, विष्णुप्रसाद (२०६४), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली**, काठमाडौं विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

कोइराला, विश्वनाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६३), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, गणेशप्रसाद र श्रीप्रसाद (२०६७), **शैक्षणिक मूल्याङ्कन**, काठमाडौं, जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, टेकु ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं, स्टुटेन्टस् बुक्स, कीर्तिपुर ।

खनाल, मधुविलास र साथीहरु (२०५९), **कक्षाकोठामा मनोविज्ञान**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

जि.शि.का. मोरङ्ग (२०६३), **शैक्षिक झलक एजुकेशन हेल्प लाइन**, मोरङ्ग, विराटनगर ।

जि.शि.का. मोरङ्ग (२०६६/६७), **शैक्षिक बुलेटिन, एजुकेशन हेल्प लाइन**, मोरङ्ग, विराटनगर ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०६४), **तीन वर्षिय अन्तरिम योजना (२०६४-६७)**, काठमाडौं, लेखक ।

परीक्षा नियन्त्रण कार्यलय (२०६६), **स्वअध्ययन सामग्री**, भक्तपुर, लेखक, सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **शिक्षा**, भक्तपुर, लेखक, सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), **प्राथमिक शिक्षा पाठ्यक्रम**, भक्तपुर, लेखक, सानोठिमी ।

पोखेल, पूर्णचन्द्र (२०६५), **उच्च र न्यून आर्थिक स्तरका विद्यार्थीहरुको शैक्षिक उपलब्धिबीच तुलनात्मक अध्ययन (शोधपत्र)**, काठमाडौं, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

भुसाल, खेमनन्द (२०६३), **विद्यार्थीको पारिवारिक आर्थिक अवस्था र उनीहरुले प्राप्त गर्ने शैक्षिक उपलब्धिबीच एक अध्ययन (शोधपत्र)**, काठमाडौं, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

वाग्ले, मनप्रसाद (२०६५), **शिक्षाको परिचय**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, चिरञ्जीवि र निर्मला (२०६२), **शिक्षाको आधार**, काठमाडौं, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६४), **नेपालको शैक्षिक झलक**, केशर महल, काठमाडौं, लेखक ।

शिक्षा मन्त्रालय (२०६६) **विद्यालय क्षेत्र सुधार योजना**, काठमाडौं, लेखक ।

शिक्षा विभाग (२०६४), **शिक्षा विभागद्धारा गरिएका अध्ययनहरुको प्रतिवेदन २०६३/६४**, सानोठिमी, भक्तपुर, लेखक

शिक्षा विभाग (२०६४), **प्राथमिक तहको उपलब्धि परीक्षण प्रतिवेदन**, भक्तपुर, लेखक, सानोठिमी ।

शिक्षा विभाग (२०६४/६५), **शिक्षा विभागद्धारा गरिएका अध्ययनहरुको प्रतिवेदन**, भक्तपुर, लेखक, सानोठिमी ।

प्राथमिक तहका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

अनुसूची-१

प्र.अ./शिक्षकका लागि प्रश्नावली

प्र.अ./शिक्षकको नाम : ..... अनुभव वर्ष : .....

विद्यालयको नाम : .....

१. विद्यार्थीले प्राप्त गरेको सिकाइउपलब्धि अवस्था कस्तो छ ?

क) न्यून ☐

ख) मध्यम ☐

ग) उच्च ☐

घ) अतिउच्च

२. विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिलाई कति कति समयमा विश्लेषण गरेर हेर्ने गर्नु भएको छ ?

क) एकैचोट वार्षिक नतिजा प्रकाशन गर्ने समयमा ☐

ख) प्रत्येक महिनामा ☐

ग) विद्यालयले लिने प्रत्येक परीक्षा (त्रैमासिक, अ.वा. र वार्षिक) पश्चात् ☐

घ) ६/६ महिनामा ☐

३. न्यून सिकाइ उपलब्धि भएका विद्यार्थीहरुलाई के कस्तो समस्याहरु रहेको पाउनु भयो ?

क) नियमित रुपमा विद्यालय नआउने ☐

ख) विचविचमा कक्षा छाडेर भाग्ने गरेको ☐

ग) कामदार बालक भएको ☐

घ) सुस्त मनस्थिति भएको कारण ☐

४. के विद्यालयले विद्यार्थीको भर्ना अवस्था, नियमितता, अनियमितता, कक्षा उत्तिर्ण, बीचैमा कक्षा छाड्ने, कक्षा देहोऱ्याउने तथा सिकाइउपलब्धि स्तर देखिने र झल्किने किसिमका विभाजित तथ्याङ्कहरु विद्यालयले अभिलेखको रुपमा राख्ने गरेको छ ?

क) छ । ☐

ख) छैन । ☐

ग) यस्तो तथ्याङ्क महसुस नै गरेको छैन । ☐

घ) जि.शि.का.ले पहल नै गरेको छैन ।

५. विद्यालयमा कुन कुन शैक्षणिक योजनाहरु तयार गरी लागु गर्ने गरेको छ ?

क) वार्षिक कार्यतालिका ।

ख) वार्षिक कार्ययोजना ।

ग) एकाइ योजना ।

घ) दैनिक पाठयोजना ।

ङ) दैनिक कार्यतालिका ।

च) विद्यालय सुधार योजना ।

६. तपाईको विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोगको अवस्था कस्तो छ ?

क) शिक्षक निर्देशिका पर्याप्त मात्रामा उपलब्ध रहेको र प्रयोग हुने गरेको अवस्था छ ।

ख) विद्यालयमा उपलब्ध छैन ।

ग) मुस्किलले एउटा वा दुइवटा मात्र विद्यालयमा उपलब्ध छ ।

७. तपाईको विद्यालयमा पाठ्यक्रमको प्रयोग गर्ने सवालमा हालको अवस्था कस्तो छ ?

क) पाठ्यक्रम पर्याप्त मात्रामा उपलब्ध रहेको र प्रयोग हुने गरेको छ ।

ख) शिक्षकलाई दिएको थियो उहाँकै घरमा होला ।

ग) विद्यालयमा उपलब्ध छैन, अब किनेर ल्याउनु पर्ला ।

घ) पाठ्यक्रम ल्याएको हो तर अहिले कता पऱ्यो थाहा छैन ।

ङ) विरलै प्रयोग हुने गरेको छ ।

८. विद्यालयमा आवश्यक शैक्षिक सामाग्रीहरु कसरी उपलब्ध गराउने गर्नु भएको छ ?

क) बजेट अभावका कारण शैक्षिक सामाग्री खरिद गर्न सकेको छैन ।

ख) बजारबाट खरिद गरेर ।

ग) शिक्षक/विद्यार्थीद्धारा निर्माण गरेर ।

घ) स्थानीय स्तरमा पाईने सामाग्री संकलन गरेर ।

९. तपाईको विद्यालयमा शिक्षण कार्यमा शैक्षिक सामाग्रीको प्रयोग कत्तिको हुने गर्छ ।

क) सधै प्रयोग हुन्छ ।

ख) कहिलेकहीँ प्रयोग हुन्छ ।

ग) मुस्किलले प्रयोग हुन्छ ।

घ) कहिल्यै पनि प्रयोग हुदैन ।

१०. तपाईको विद्यालयमा कस्ता किसिमका शैक्षिक सामाग्रीको प्रयोग बढी हुने गदर्छ ?

क) स्थानीय स्तरमा पाइने वस्तुलाई संकलन गरी बनाएका शैक्षिक सामाग्री

ख) शिक्षक/विद्यार्थी निर्मित सामाग्री

ग) बजारबाट खरिद गरिएका सामाग्रीहरु

११. विद्यालयमा स्टाफ बैठक कति कति समयमा बस्ने गरेको छ ?

क) बस्ने गरेको छैन

ख) प्रत्येक महिनामा एक पटक

ग) वर्षमा एक पटक

घ) आवश्यकता अनुसार

ङ) चालु शैक्षिक सत्रमा बैठक बसेको छैन ।

१२. शिक्षक स्टाफ बैठकमा छलफल हुने गरेका मूख्य विषयवस्तुहरु (Agendas) कुन पक्षमा बढी केन्द्रित हुने गर्दछ ?

क) आर्थिक पक्ष

ख) भौतिक पक्ष

ग) शैक्षिक पक्ष

घ) प्रशासनिक पक्ष

ङ) अन्य भए खुलाउनुहोस् .....

१३. तपाईको विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये तल देहाय बमोजिमका शिक्षकहरुको संख्या कति कति रहेको छ ?

क) पूर्ण तालिम प्राप्त शिक्षक संख्या

ख) आंशिक तालिम प्राप्त शिक्षक संख्या

ग) तालिम अप्राप्त शिक्षक संख्या

१४. तालिममा सिकेका कुरालाई शिक्षण कार्यमा प्रयोग गर्न कुनै कठिनाई छ कि ?

क) छ

ख) छैन

यदि कठिनाई भए के कस्ता कठिनाईहरु छन् ? खुलाउनुहोस् ।

.....

.....

१५. विद्यालयको शैक्षिक स्तर बृद्धि गर्ने सम्बन्धमा स्रोतकेन्द्र, जि.शि.का. वा अन्य निकायबाट वर्षमा कतिपटक निरीक्षण हुने गरेको छ ? ☐

क) स्रोतव्यक्तिबाट केही मात्रामा निरीक्षण हुने गरेको तर यस विषयमा खासै छलफल नहुने गरेको । ☐

ख) विद्यालय निरीक्षकबाट विरलै निरीक्षण हुने गरेको तर यस विषयमा छलफल नहुने गरेको । ☐

ग) कसैबाट पनि निरीक्षण नभएको । ☐

घ) विद्यालयले बोलाएको खण्डमा मात्र वि.नि./स्रोतव्यक्ति आउने गरेको । ☐

१६. वि.व्य.स.को बैठक कति कति समयमा बस्ने गरेको छ ?

क) महिनाको एक पटक ☐

ख) प्रत्येक ३/३ महिनामा ☐

ग) ६/६ महिनामा ☐

घ) आवश्यकता अनुसार ☐

ङ) यस चालु शैक्षिक सत्रमा बसेको छैन ☐

१७. वि.व्य.स.को बैठकमा छलफल हुने गरेका मुख्य विषयवस्तु (Agendas) कुन पक्षमा केन्द्रित हुने गर्दछ ?

क) आर्थिक पक्ष ☐

ख) भौतिक पक्ष ☐

ग) प्रशासनिक पक्ष ☐

घ) शैक्षिक पक्ष ☐

ङ) अन्य भए खुलाउनुहोस् .....

१८. विद्यालयमा कक्षाकोठाको उपलब्धता कस्तो छ ?

क) पर्याप्त ☐

ख) ठिकै ☐

ग) अभाव ☐

१९) विद्यालयमा फर्निचरको कस्तो व्यवस्था छ ?

क) पर्याप्त ☐

ख) ठिकै ☐

ग) अभाव ☐

२०) विद्यालयमा खानेपानीको कस्तो व्यवस्था छ ?

क) विद्यालय हाताभित्रै ट्युबवेलको व्यवस्था छ । ☐

ख) खानेपानीको अभाव छ । ☐

ग) विद्यालय बाहिरबाट बोकेर ल्याउने व्यवस्था छ । ☐

घ) विद्यार्थीहरु पानी खानका लागि विद्यालय हाता बाहिर जाने गर्दछन् । ☐

२१. विद्यालयमा शौचालयको कस्तो व्यवस्था छ ?

क) छात्र, छात्रा र शिक्षकका लागि छुट्टाछुट्टै व्यवस्था छ । ☐

ख) छात्र र छात्राका लागि एउटै शौचालय प्रयोग गर्ने व्यवस्था छ । ☐

ग) शौचालय नै नभएको अवस्था छ । ☐

२२. खेलमैदानको अवस्था कस्तो छ ?

क) खेल खेल्नका लागि उपयुक्त ठाउ छ । ☐

ख) मर्मत गर्नुपर्ने अवस्था छ । ☐

ग) खेलमैदानको अभाव छ । ☐

२३. विद्यालयमा खेलकुद सामाग्रीको उपलब्धता कस्तो छ ?

क) पर्याप्त मात्रामा खेलकुद सामाग्रीको व्यवस्था छ । ☐

ख) खेलकुद सामाग्रीको कमी छ । ☐

ग) विद्यालयमा खेलकुद सामाग्रीहरु नै छैनन् । ☐

२४. विद्यालयको घेराबाराको अवस्था कस्तो छ ?

क) पूरा घेरिएको छ । ☐

ख आंशिक रुपमा घेरिएको छ । ☐

ग) विद्यालय हाता घेराबारा नभएको अवस्था छ । ☐

२५. के प्राथमिक तहका सबै बालबालिकाहरु नियमितरुपमा विद्यालय आउँछन् ?

क) आउँछन् ☐

ख) आउँदैनन्

ग) अधिकांश विद्यार्थीहरु नियमित आउँछन् ।

घ) नियमित विद्यालय आउनेको संख्या ज्यादै न्यून छ ।

२६. तपाईको विद्यालयमा शिक्षक तथा विद्यार्थी आचारसंहिताको निर्माण एवम् कार्यान्वयनको अवस्था कस्तो छ ?

क) आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

ख) यसको आवश्यकता महसुस गरिएको छैन ।

ग) आचारसंहिता निर्माण गरिएको तर कार्यान्वयन नभएको अवस्था छ ।

घ) अब निर्माण गरी कार्यान्वयन गर्नुपर्ला ।

२७. प्राथमिक तहका बालबालिकालाई नियमित रुपमा विद्यालयमा उपस्थित गराउन के गर्नु आवश्यक छ ?

.....

.....

२८. विद्यालयको शैक्षिक स्तर खस्कदै जानुको कारण के के छन् ?

.....

.....

२९. के प्राथमिक तहमा विद्यार्थीको शैक्षिक स्तर बृद्धि गर्न सकिएला ?

.....

.....

३०. शैक्षिक स्तर बृद्धि गर्ने खालका कुनै कार्यक्रमहरु गर्नु भएको छ ? छ भने के कस्ता कार्यक्रमहरु गर्नु भएको छ ?

.....

.....

३१.चालु शैक्षिक सत्रमा कति पटक निरीक्षण तथा अनुगमन भएको छ ?

.....

.....

३२. निरीक्षणमा उल्लेख भएका सुझावहरु मध्ये शैक्षिक पक्षहरु सुधार गर्न दिइएका मुख्य सुझावहरु के के छन् ?

.....

.....

३३. तपाईको विचारमा विद्यार्थीको सिकाई उपलब्धि स्तर बृद्धि गर्ने प्रभावकारी उपायहरु के के हुन सक्छन् ?

.....

.....

३४. यस बाहेक तपाईको आफ्नो थप भनाइ केही छ कि ?

.....

.....

प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

अनुसूची-२

विद्यार्थीका लागि अन्तर्वार्तामा सोधिएका प्रश्नावली

विद्यार्थीको नाम : कक्षा : ..... उमेर : .....

विद्यालयको नाम : ठेगाना :.....

१. तिम्रो परिवारमा कति जना छौ ?

.....

२. तिम्रो परिवारमा कसकसले के के काम गर्नुहुन्छ ?

.....

३. तिम्रो परिवारमा पढ्न र लेख्न जान्ने कति जना छन् ?

.....

४. तिम्रो परिवारको मासिक कमाइ कति छ ?

.....

५. तिमीलाई घरमा पढ्न कसले सहयोग गर्छ ?

.....

६. तिमीलाई पढ्नुपर्छ भनेर कसले प्रोत्साहित गर्छ ?

.....

७. तिमीले कुनै छात्रवृत्ति वा पुरस्कार स्वरुप केही पाएका छौ ?

.....

८. तिमीले यो छात्रवृत्ति वा पुरस्कार किन पाएका हौ ?

क) कक्षामा प्रथम भएकाले । ☐ ख) गरिब परिवार भएकाले । ☐

ग) नियमित विद्यालय आउनका लागि । ☐ घ) विद्यालय पोशाकका लागि । ☐

९. तिमी घरमा कति घण्टा पढ्छौ ?

क) एक घण्टा ☐ ख) दुई घण्टा ☐

ग) २ घण्टाभन्दा बढी ☐ घ) घरमा पढ्ने गरेको छैन । ☐

१०. तिम्रो आमाको शैक्षिक स्थिति कस्तो छ ?

क) निरक्षर ☐ ख) साक्षर ☐

ग) एस.एल.सी. ☐ घ) उच्च माध्यमिक ☐

११. तिम्रो बुबाको शैक्षिक स्थिति कस्तो छ ?

क) निरक्षर ☐ ख) साक्षर ☐

ग) एस.एल.सी. ☐ घ) उच्च माध्यमिक ☐

१२. तिमीलाई पढाइमा के के समस्या भएका छन् ?

.....

.....

१३. ती समस्याको समाधन कसरी भैदिए हुन्थ्यो जस्तो लाग्छ ?

.....

.....

१४. तिम्रो अरु भनाइ केही छ कि ?

.....

प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

अनुसूची-३

विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

नाम :

विद्यालयको नाम :

ठेगाना : अनुभव वर्ष :

१. तपाइइको विद्यालयमा विद्यार्थीले प्राप्त गोको सिकाइ उपलब्धि स्तर कस्तो छ ?

क) न्यून छ । ☐ ख) मध्यम छ । ☐

ग) उच्च छ । ☐ घ) थाहा छैन । ☐

ङ) त्यो त शिक्षकहरुलाई नै थाहा होला । ☐

२. विद्यालयमा शिक्षक तथा कमएचारी नियमितताको अवस्था कस्तो छ ?

क) नियमित छैनन् । ☐

ख) नियमित रुपमा आएको पाइयो । ☐

ग) नियमित रुपमा आए नआएको हेर्ने फुर्सद नै छैन । ☐

घ) विद्यालयको रेकर्ड हेर्दा मात्र थाहा हुन्छ । ☐

३. के विद्यालयमा शिक्षकले पढाएको कक्षा अवलोकन गर्ने गर्नुभएको छ ?

क) गरेको छु । ☐ ख) गरेको छैन । ☐

ग) त्यो त प्र.अ.तथा स्रोतव्यक्तिको काम हो । ☐

घ) शिक्षकहरु आफै विज्ञ छन्, के अवलोकन गर्नु र । ☐

४. वि.व्य.स.को बैठक कति कति समयमा बस्ने गरेको छ ?

क) महिनामा एक पटक ☐ ख) ३/३ महिनामा ☐

ग) आवश्यकता अनुसार ☐ घ) यो शैक्षिक सत्रमा एकपटक पनि बसेको छैन । ☐

५. शिक्षकहरुलाई तालिममा पठाउनका लागि केका आधारमा कस्तो शिक्षकलाई छनौट गनुहुन्छ ?

क) समितिको बैठक बसी सबैको सल्लाहबाट उचित ठहर गरेको शिक्षकलाई

ख) तालिम नलिएको शिक्षकलाई ☐

ग) आफूलाई पठाउन मन लागेको व्यक्तिलाई ☐

घ) खै प्र.अ.ले कसरी पठाउने गर्नुभएको छ मलाई थाहा छैन । ☐

ङ) जसको बोलबाला छ उसलाई ☐

६. विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामाग्रीको उपलब्धता तथा पर्याप्ततको स्थितिको स्थिति कस्तो छ ?

क. प्रर्याप्त मात्रामा व्यवस्था छ । ☐ ख) अभाव छ । ☐

ग) त्यस्ता सामाग्रीको व्यवस्था गरेको छैन । ☐ घ) अव व्यवस्था गर्ने सोच वनाएको छ । ☐

७. तपाईको विद्यालयमा शिक्षक तथा विद्यार्थी आचारसंहिताको निर्माण एवम् कार्यान्वययनको अवस्था कस्तो रहेको छ ?

क) आचारसंहिता निर्माण गरी कार्यन्वयनमा ल्याइएको छ । ☐

ख) यसको आवश्यकता महसुस गरिएको छैन् । ☐

ग) आचारसंहिता निर्माण गरिएको तर कार्यान्वयन नभएको आस्था छ । ☐

घ) अव निर्माण गरी कार्यान्वयन गर्नुपर्ला । ☐

८. विद्यालयको अघिल्लो वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सवै अभिभावक र चन्दादातालाई कसरी जानकारी गराउने गरेको छ ?

क) जानकारी नै गराएको छैन । ☐

ख) विद्यालयमा अभिभावक भेला गराइ कार्यक्रम मार्फत । ☐

ग) जसले चासो राखी सोध्ने गर्छ त्यसलाई मात्र ☐

९. वि.व्य.स को बैठकमा शैक्षिक स्तर वृद्धि गर्ने सम्बन्धमा केकस्ता छलफल तथा निर्णय हुने गरेको छ ?

.....

.....

१०. तपाइको विचारमा विद्यार्थीको शैक्षिक स्तर दिन प्रतिदिन खस्कदै जानुका कारण के के हुन सक्छन् ?

.....

.....

११. विद्यालयको शैक्षिक स्तर उकास्न तपाई के सुभाव दिनु हुन्छ ?

.....

.....

१३. तपाईको आफ्नो केहि भनाइ छ कि ?

.....

.....

प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

अनुसुची -४

अभिभावकका लागि प्रश्नावली

नाम : उमेर :

ठेगाना : पेशा :

१. तपाइले आफ्ना वालवालिकालाई नियमित रुपमा विद्यालय पठाउनुभएको छ ?

क) नियमित पठाइन्छ । ☐

ख) नियमित पठाईदैन । ☐

ग) घरको कामको चाप हेरी पठाइन्छ । ☐

घ) उनीहरुको इच्छामा छोडीन्छ । ☐

२. विद्यायलको पठनपाठन तथा अन्य कार्यक्रमहरुवाट कति सन्तुष्ट हुनुहुन्छ ?

क. ज्यादै सन्तुष्ट ☐

ख. सन्तुष्ट ☐

ग. असन्तुष्ट ☐

३. प्र. अ. तथा शिक्षकहरुबाट वालवालिकाको पढाइ सम्बन्धमा सुझावहरु प्राप्त गर्नु भएको छ ?

क. बेलावेलामा प्राप्त हुने गरेको छ । ☐

ख. अहिलेसम्म कुनै सुझावहरु प्राप्त भएको छैन् । ☐

ग. निरन्तर रुपमा सुझावहरु प्राप्त हुने गर्छन् । ☐

४. विद्यालयले तपाइका बालबालिकाको पढाईको अवस्थामा तथा प्रगतिबारे समय समयमा जानकारी दिने गरेको छ ?

क. छ ☐ ख. छैन ☐

ग. एकैचोटी नतिजा प्रकाशनबाट मात्र थाहा हुन्छ । ☐

घ. विद्यालयद्धारा गरिने प्रत्येक परिक्षा पश्चात् उनीहरुले प्राप्त गरेको नतिजाको बारेमा जानकारी दिने गरेको छ । ☐

५. तपाइको बालबालिकाका लागि आवश्यक सबै पाठ्यपुस्तक उपलब्ध छन् ?

क. छन् ☐ ख. छैनन् ☐

ग. उनीहरुलाई नै सोध्नु पर्दछ । ☐ घ. केही पुस्तकहरु उपलब्ध हुनै बाकीं छ । ☐

६. पाठ्यपुस्तकको व्यवस्था कसरी हुने गरेको छ ?

क. आफैले किनेर ☐ ख. विद्यालयले नै पाठ्यपुस्तक वितरण गर्छ । ☐

ग. विद्यालयले दिएको पैसाबाट किनेर ☐ घ. पाठ्यपुस्तक आफैले किनरे विल बुझाउने गरेको छ । ☐

७. तपाइका छोराछोरी घरमा कति घण्टा पढ्छन् ?

क. पढदै पढदैन् ☐ ख. एक घण्टा पढछन् ☐

ग. दुई घण्टा पढछन् ☐ घ. दुई घण्टा भन्दा बढी पढछन् ☐

८. के तपाइका बालबालिकाले घरमा गृहकार्य गर्ने गर्छन ?

क. गर्छन ☐ ख. गर्दैनन् ☐

ग. कहिलेकाहीं मात्र गर्छन ☐ घ. गर्छन कि गर्दैनन् त्यतातिर ध्यानै दिएको छैन । ☐

९. शिक्षकले विद्यार्थीलाई गृहकार्य दिने , गृहकार्य जाँच्ने र पृष्ठपोषण दिने गरेको पाउनु भएको छ ?

क. गृहकार्य दिने गरेको पाइएन ☐ ख. गृहकार्य दिने तर नजाँच्ने गरेको ☐

ग. गृहकार्य जाँच्ने तर पृष्ठपोषण नदिने ☐ घ. गृहकार्य दिने जाँच्ने र पृष्ठपोषण दिने गरेको ☐

१०. बालबालिकाले गृहकार्य नगरेको कारण के हुनसक्छ ?

क. शिक्षकले गृहकार्य नदिएर ☐

ख. विद्यलार्थस्हरु नै अल्छि भएर ☐

ग. शिक्षकले गृहकार्य चाहिँ दिने तर परीक्षण नगर्ने भएकोले ☐

घ. विद्यार्थीले गृहकार्य गर्न नजानेर ☐

११. आ^{o}ना बालबालिकाको पढाइको स्तर कस्तो छ जस्तो लाग्छ ?

क. न्यून ☐ ख. मध्यम ☐

ग. उच्च ☐ घ. अति उच्च ☐

१२. विद्यालयले आयोना गरेको अभिभावक भेला कार्यक्रममा तपाई सधैँ उपस्थित हुने गर्नु भएको छ ?

क. उपस्थित हुने गर्छु ☐ ख. उपस्थित हुने गरेको छैन । ☐

ग. मलाई केही थाहा छैन । ☐ घ.यस्तो कार्यक्रमको आयोजना हुदैन । ☐

१३. बालबालिकाको अध्ययनका लागि अन्य कुनै निकायबाट सहयोग पाउनुभएको छ ? छ भने के कस्तो र कुन निकायबाट सहयोग पाउनु भएको छ ? खुलाउनुहोस् ।

.....

.....

१४. विद्यालयमा पठनपाठनका अतिरिक्त अन्य कुन कुन कार्यक्रम हुने गरेको पाउनु भएको छ ?

.....

.....

१५. तपाइले आ^{o}ना बालबालिकाको पढाइको स्तर बढाउन के के प्रयास गर्नु भएको छ ?

.....

.....

१६. तपाईलाई आ^{o}ना बालबालिकाले राम्रो अध्ययन गर्न ककसले केके गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

.....

.....

१७. तपाइको आ^{o}नो भन्नु केही छ कि ?

.....

.....

प्राथमिक तहका विद्यार्थी सिकाइ उपलब्धिमा प्रभाव पर्ने तत्वहरु

अनुसूची -५

स्रोत व्यक्ति / विद्यालय निरीक्षकका लागि प्रश्नावली

नाम : ..... अनुभव वर्ष .....

स्रोतकेन्द्र : .....

१. तपाईले आ०नो स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा निरीस्क्षण तथा अनुगमन गर्न कति कति समयमा जाने गर्नु भएको छ ?

क. प्रत्येक महिनामा कम्तीमा एक पटक ☐

ख. तीन / तीन महीना ☐

ग. परीक्षा सञ्चालन भएका बेलामा मात्र ☐

घ. विद्यालयले बोलाएको अवस्थामा मात्र ☐

ङ. अन्य भए खुलाउनुहोस्

२. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको पहँचमा ल्याउन केकस्ता कार्यक्रमहरु सञ्चालन हुदैँ आएको पाउनुभएको छ ?

क. चेतनामूलककार्यक्रम ☐ ख. आमाभेला कार्यक्रम ☐

ग. छात्रवृत्ति ☐ घ. आजाको व्यवस्था ☐

ङ. निःशुल्क कापी कलमको व्यवस्था च. विद्यालयउ स्वागत कार्यक्रम

३. विद्यालय निरीक्षण तथा अनुगमन गर्न जादाँ कुन पक्षलाइ बढी जोड दिने गर्नुभएको छ ?

क. आर्थिक पक्ष ☐ ख. प्रशासनिक पक्ष ☐

ग. भौतिक पक्ष ☐ घ. शैक्षिक पक्ष ☐

ङ. अन्य भए खुलाउनुहोस् .....

४. के तालिममा सिकेका कुरालाई शिक्षकले शिक्षण कार्यमा प्रयोग गरेका छन् ?

क. प्रयोग गरेका छन् । ☐ ख. प्रयोग गरेका छैनन् ☐

ग. थोरैले मात्र प्रयोग गरेका छन् । ☐ घ. अधिकाशं शिक्षकले प्रयोग गरेको पाइयो। ☐

५. शिक्षकहरुको कार्यक्षमताको अभिलेख राख्ने कुरामा कसरी मूल्याङ्कन गर्ने गर्नुभएको छ ?

क. शिक्षकको कक्षा अवलोकन गरेर । ☐

ख. विद्यालयमा शिक्षकको नियमिततालाई हेरेर ☐

ग. प्र.अ. ले शिक्षकहरुको कार्यक्षमताको मूल्याङ्कन गरी राखेको अभिलेखको हेरेर । ☐

घ. अन्य भए खुलाउनुहोस् .....

६. आ०नो क्षेत्रअन्तर्गतका विद्यालयहरुको शैक्षिक तथ्याङ्कहरु स.कलन तथा विश्लेषण गरेर हेर्ने गनुभएको छ ?

क. छ ☐ ख. छैन ☐

७. तपाइको क्षेत्रमा प्राथमीक तहका विद्यार्थीहरुले प्रप्त गरेको सिकाई उपलब्धि स्तर कस्तो रहेको पाउनु भयो ?

क. न्यून ☐ ख. मध्यम ☐ ग. उच्च ☐ घ. अति उच्च ☐

८. माम्लिङ स्रोतकेन्द्र अन्तर्गतका विदालयमा कार्यरत शिक्षक संख्या मध्ये तालिम प्राप्त आंशिक रुपमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको संख्या कति कति रहेको छ ?

क) तालिम प्राप्त शिक्षकको संख्या :

ख) आंशिक तालिम प्राप्त शिक्षक संख्या : ग) तालिम अप्राप्त शिक्षक संख्या :

९. के प्राथमीक तहका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्न सकिएला ?

.....

.....

.....

१०. स्रोतकेन्द्र मार्फत शैक्षिक उपलब्धि स्तर वृद्धि गर्ने खालका कुनै कार्यक्रमहरु सञ्चालन गर्नुभएको छ ? यदि छ भने के कस्ता कार्यक्रमहरु गर्नुभएको छ ?

.....

.....

.....

११. प्राथमीक तहका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा कुन कुन तत्वले प्रचाव पारेको हुन्छ ?

.....

.....

.....

१२. विद्यालयको शैक्षिक सुधार गर्न के कस्ता सुझावहरु दिने गर्नुभएको छ ?

.....

.....

.....

१३. तपाईको विचारमा प्राथमीक तहका विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्न के के गर्नुपर्ला ?

.....

.....

.....

१४. तपाईको अन्य थप केही भन्नु छ कि ?

.....

.....

.....

प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

अनुसूची -६

विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्थिति

क्र.सं.	विद्यालय	कक्षा	विषयगत सिकाइ उपलब्धि					औसत उपलब्धि
			नेपाली	अङ्ग्रेजी	गणित	विज्ञान	सामाजिक	
१	श्री चामुण्डे उच्च मा.वि. तामाफोक-६	१	४९.७३	४३.८०	३१.३	४९.१५	४४.९२	
		२	३६.३५	३८	६०.७५	७१.२५	५२.१४	
		३	३९.६०	३७.४०	३६.७२	६२.०२	५३.१६	
		४	३३.१२	१६.०३	२१.५४	३२	४७.४१	
		५	३९.४०	३१.१३	३९.४३	४८.८६	५१.६२	
		जम्मा	३९.६४	३३.२७	३७.८९	५०.८६	४९.८५	४२.३
२	श्री शान्ति मा.वि. तेल्लोक	१	७२	८०	७०	६३	५८	
		२	५३	५८	४५	५१	५२	
		३	४६	४९	४८	५३	५६	
		४	३९	२२	३३	४३	५२	
		५	३६	२९	३४	३६	३५	
		जम्मा	४९.२	४७.६	४६	४९.२	५०.६	४८.५२
३	श्री सिंहेश्वरी मा.वि. मुढे शनिश्चरे तामाफोक-८	१	३५.७७	३३.५९	२९.३६	२८.८२	२७.६८	
		२	४३	३४.१५	३८.५५	३२	१९	
		३	४७.६०	५७.६०	४१	३०.४०	२९	
		४	३२	४४	३२.२८	३७.२८	४१	
		५	३३	४४	३४	३८.७४	३९	
		जम्मा	३८.२७	४२.६७	३४.९८	३३.४५	३१.१४	३६.१०
४	श्री कालिका नि. मा.वि. कुन्ताङ	१	३९.३०	४६.१०	२५.८२	४२.६६	४३.७४	
		२	६३.४५	७४.०५	४७.७५	४६.८	६३.१	
		३	६७.२८	५४.१३	५५.७७	७६	६०.९	
		४	३९.१५	४२.८०	३४.९६	५२	६६	
		५	३४.८३	३५.६४	२६.३७	४९.२०	३६.४७	
		जम्मा	४८.८	५०.५४	३८.१३	५३.३३	५४.०४	४८.९७

क्र.सं.	विद्यालय	कक्षा	विषयगत सिकाइ उपलब्धि					औसत उपलब्धि
			नेपाली	अङ्ग्रेजी	गणित	विज्ञान	सामाजिक	
५	श्री विष्णु नि. मा.वि. कुन्ताङ	१	४३.५१	४८.१२	४७.८४	४६.८६	४०.४६	
		२	४४	५१.६०	३३.३७	४४.२३	३५.११	
		३	२८.४८	३२.४८	५३.३९	४१.३५	२४.३८	
		४	३५.९६	२७.६७	२६.९६	३३.३२	३४.७७	
		५	४५.७९	४०.७१	३३.४५	४१.४१	४४.२५	
		जम्मा	३९.५५	४०.७१	३९	४१.४१	३५.७९	३९.१७
६	श्री सिंह प्रा. वि. फुङ्लिङ तामाफोक-६	१	४५.३३	४६.७४	४७.८२	४७.१५	४३.३०	
		२	४७.२५	३७.४	४५.२३	४३.४७	३७.३५	
		३	३९.०१	४१.०७	३२.१३	३७.०५	३४.३७	
		४	३८.९३	३३.६५	२९.४४	३८.७३	३६.९७	
		५	४४.३२	३४.२७	३४	४०.४२	३९.७५	
		जम्मा	४२.९७	३८.६३	३७.७२	४१.३६	३८.३३	३९.८
७	श्री इन्द्रकाली प्रा.वि. तामाफोक-५	१	४७.८७	४१	४३.१३	५०.३७	५२.६७	
		२	५०	४४.८५	३८.२५	६०.५०	५१	
		३	५१.४४	४४.८५	३६.२९	५९	५४.२२	
		४	४९.४७	४३.५२	४६	६०.७८	६५.१२	
		जम्मा	४९.७	४३.३९	४०.९२	५७.६६	५५.७५	४९.८४
८	श्री शिव प्रा.वि. मभ्फुवा तामाफोक-८	१	४९	४१.२३	४०.९०	३५.३७	४२.७२	
		२	४३.१०	३५.९५	२७.४६	३.८५	३९.५७	
		३	४७.३०	३३.९६	३०	३४.५६	४२.९३	
		४	४०	३२.३७	२८.३८	३९.७७	३७.९५	
		५	५४.३०	३६.५५	३३.४७	४५.४१	३६.४७	
		जम्मा	४४.९४	३६.०१	३२.०४	३७.७९	३९.९३	३८.१४
९	श्री धर्मोदय प्रा.वि. सल्ले	१	६५.१५	४३.७७	४५.२५	४५.५५	६४.३५	
		२	६२.२५	४४.२४	४४.१५	४२.८	५७.०१	
		३	५५.१७	३३.४७	४०.१९	४३.७६	५५.३३	
		४	५५.६८	३८.१३	४२.१३	४४.१३	८४.१७	
		५	५५.२१	३६.७५	३४.६७	४५.६७	४५.७९	
		जम्मा	५८.७	३९.२७	४१.२८	४४.२४	५३.३३	४७.३६
औसत जम्मा			४५.७५	४१.२८	३८.६६	४५.४८	४५.४२	

प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

अनुसूची -७

जिल्लागत (संखुवासभा) र स्रोतकेन्द्र (मामलिङ) स्तरीय कक्षा ४ र ५ को सिकाइ उपलब्धि विवरण

कक्षा	विषय	जिल्ला	स्रोतकेन्द्र
४	गणित	४४.१९	४८.४८
	विज्ञान	४७.९८	५५.५१
र	अङ्ग्रेजी	४६.९१	५०.०२
	नेपाली	४८.३४	५०.६६
५	सामाजिक	४८.६७	५१.८७